# कक्षा आठको नेपाली विषयका प्रश्नपत्रहरूको तुलना

शोधकर्ता

चन्द्रप्रसाद विष्ट

दोस्रो वर्षको परीक्षा रोल नं. : २१४००६४/२०७४

क्याम्पस रोल नं. : १०७ (२०७३/०७४)

त्रि.वि.दर्ता नं. : ९-२-७७०-६-२०१२

शैक्षिक वर्ष : २०७२/०७३

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय नेपाली भाषा

शिक्षा विभाग अन्तर्गत स्नातकोत्तर तह नेपा.शि. ५९८

पाठ्यांशको प्रयोजनार्थ प्रस्तुत

शोधपत्र

सुकुना बहुमुखी क्याम्पस

नेपाली शिक्षण विभाग

सुन्दरहरैँचा, मोरङ

२०७५

कक्षा आठको नेपाली विषयका प्रश्नपत्रहरूको तुलना चन्द्रप्रसाद विष्ट २०७५

# प्रतिबद्धता

त्रिभुवनविश्वविद्यालय,शिक्षाशास्त्र सङ्कायअन्तर्गत नेपालीभाषाशिक्षाविभाग स्नातकोत्तर तहद्वितीयवर्षको नेपा.शि. ५९८ को प्रयोजनकालागि प्रस्तुत‘कक्षा आठको नेपालीविषयकाप्रश्नपत्रहरूको तुलना’शीर्षकको शोधपत्रप्रतिवेदनअर्को प्रयोजनकालागिकहीँकतै पेसनगरेको र अनुसन्धानकार्य अत्यन्तमौलिक रहेको प्रतिबद्धता व्यक्तगर्दछु ।

..................................

चन्द्रप्रसाद विष्ट

एम.एड. दोस्रो वर्ष

नेपाली भाषा शिक्षण विभाग

मिति : २०७५/०५/२३

# शोधनिर्देशकको सिफारिस पत्र

त्रिभुवनविश्वविद्यालय,शिक्षाशास्त्र सङ्कायअन्तर्गत भाषाशिक्षाविभाग स्नातकोत्तर तहद्वितीयवर्षको नेपा.शि. ५९८ को प्रयोजनकालागि प्रस्तुत‘कक्षा आठको नेपालीविषयकाप्रश्नपत्रहरूको तुलना’शीर्षकको शोधपत्रचन्द्रप्रसाद विष्टले मेरो निर्देशनको मातहतमा रहीमिहिनेतका साथसिर्जनात्मकतथानितान्तमौलिक रूपमातयार पार्नुभएकाले यस शोधकार्यप्रति म सन्तुष्ट छु। अतः यस शोधकार्यलाईमूल्याङ्कनकालागि नेपालीभाषा शिक्षण विभागसमक्षसिफारिस गर्दछु।

.................................

दीपकगौतम

शोधनिर्देशक

सुकुना बहुमुखी क्याम्पस

नेपाली शिक्षा शिक्षण विभाग

सुन्दरहरैँचा, मोरङ

मिति : २०७५//

# कृतज्ञता

प्रस्तुतशोधपत्र'कक्षा आठको नेपालीविषयकाप्रश्नपत्रहरूको तुलना'शीर्षकमा मेरा आदरणीय गुरु श्री दीपकगौतमज्यूको प्राज्ञिक निर्देशनमा मैले तयार गरेकोहुँ ।

यस शोधपत्रको शीर्षक चयनदेखि शोधकार्य सम्पादनसम्मपाएको उहाँको समुचितमार्ग निर्देशन र सहयोगले गर्दा नै यस शोधपत्रले मूर्त रूप लिएको हो । आफ्नो महत्त्वपूर्ण समय प्रदान गरी शोधपत्रलाई परिष्कार र परिमार्जन गरिदिनु भएकोमा म उहाँप्रतिहार्दिकतापूर्वक कृतज्ञता ज्ञापन गर्दछु, साथै विभिन्नकोणबाट शोधपत्र लेखनमा सहयोग गर्नु हुने सुकुनाबहुमुखीक्याम्पसकाविभागीयप्रमुखश्री मेघनारायण श्रेष्ठज्यू, श्री आदरणीय गुरुहरू दीपकप्रसादन्यौपाने, गेहेन्द्र खनालगायत यसै क्याम्पसकाक्याम्पस प्रमुखश्री प्रेमप्रसाद भट्टराईप्रतिपनिहार्दिक आभार प्रकट गर्दछु ।

यसैगरी यस शोध कार्यकालागितथ्याङ्क सङ्कलन गरी सहयोग पुऱ्याउनु हुने अनुप भट्टराई र पुष्पा बस्नेतप्रति म हार्दिक आभार प्रकट गर्दछु । यसैगरी शोधपत्रतयार पार्न पलपल घचघच्याइ रहने मेरा पुजनीयआमाबुबाप्रतिम विशेष आभारी छु ।

यसैगरी शोधपत्रलाई शुद्ध रूपमा कम्प्युटर टङ्कनगरिदिनु हुने टिना कम्प्युटरकाश्री यज्ञमणि निरौलालाई धन्यवाददिँदै आवश्यकमूल्याङ्कनकानिम्तिनेपालीभाषाशिक्षाविभागसमक्ष पेस गरेको छु ।

**प्रस्तुतकर्ता**

चन्द्रप्रसाद विष्ट

# विषयसूची

*प्रतिबद्धतापत्र* ख

*सिफारिस पत्र* ग

*स्वीकृतिपत्र* घ

*शोधसार* ङ

*कृतज्ञता* छ

परिच्छेद एक

परिचय

१.१ अध्ययनको पृष्ठभूमि १

१.२ समस्याकथन ३

१.३ अध्ययनको उद्देश्य ४

१.४ अध्ययनको औचित्य र महत्त्व ४

१.५ अध्ययनको सीमा ४

परिच्छेद दुई

सम्बन्धित साहित्यको पुनरावलोकन र अवधारणात्मक ढाँचा

२.१ सैद्धान्तिक साहित्यको पुनरावलोकन ५

२.२ सम्बन्धित साहित्यको पुनरवलोकन ६

२.३ अध्ययनकालागिपुनरावलोकनको उपादेयता १०

२.४ सैद्धान्तिकएवम् अवधारणात्मक ढाँचा ११

परिच्छेद तीन

अध्ययनको विधि र प्रक्रिया

३.१ अध्ययनको ढाँचा र विधि १२

३.२ जनसङ्ख्यानमुना र नमुना छनोट रणनीति १२

३.३ अध्ययनको क्षेत्र १३

३.४ तथ्याङ्क सङ्कलनका साधन र तरिका १३

३.५ तथ्याङ्क सङ्कलन प्रक्रिया १३

३.६ तथ्याङ्कको व्याख्या र विश्लेषण प्रक्रिया १३

परिच्छेद चार

बाह्यआधारमा कक्षा आठको नगरस्तरीय परीक्षा (२०७४) मा उपयोग गरिएका प्रश्नहरूको विश्लेषण

४.१ बाह्यआधारमाप्रश्नपत्रको विश्लेषण १४

४.१.१ प्रश्नपत्रको स्वरूप १४

४.१.२ निर्देशन १७

४.२.३ अङ्क विभाजनर समयनिर्धारण २१

४.२.४ प्रस्तुति र अनुक्रम २२

४.२.५ भाषा २४

४.३ आन्तरिक आधारमाप्रश्नपत्रहरूको तुलनात्मकविश्लेषण २७

४.३.१ पाठ्यक्रमकाआधारमा २७

४.३.२ भाषिक सीपगतआधारमाप्रश्नपत्रको वितरण २८

४.३.३ विधाकाआधारमाप्रश्नपत्रको वितरण ३२

४.३.४ पाठ्यपुस्तककाअधारमा ४१

४.३.५ विशिष्टिकरण तालिकाकाआधारमा ४२

४.३.६ प्रश्नपत्रको वैधताको विश्लेषण ४७

परिच्छेद : पाँच

निष्कर्षतथा सुझाव

५.१ निष्कर्ष ५०

५.२ सुझावहरू ५३

सन्दर्भ सामग्री सूची

# शोधसार

यस शोधपत्रको शीर्षक 'कक्षा आठको नेपालीविषयकाप्रश्नपत्रहरूको तुलना' रहेको छ । भाषिक परीक्षण भनेको भाषिक सीपहरूको परीक्षण हो । भाषिक सीपको परीक्षण गर्न त्यती सजिलो छैन । भाषा पाठ्यक्रमको व्याप्ततालाई समेटेर प्रशनहरू निर्माण गर्नु पर्दछ । पाठ्यक्रमको व्याप्ततालाई नसमेटी तयार गरिएकाप्रश्नपत्रहरूले अपेक्षितभाषिक उद्देश्यहासिलगर्न सक्दैनन् । तसर्थ यस शोधको मुख्य उद्देश्यप्रश्नहरूको बाह्यतथाआन्तरिक आधारमाअध्ययनविश्लेषण गरी कमीकमजोरीहरू औंल्याएर सुधारकालागिआवश्यक सुझावप्रदानगर्नु रहेको छ ।

यस अध्ययनको क्षेत्रपथरीशनिश्चरे, बेलबारी र सुन्दरहरैंचानगरपालिकामा सीमित छ । तीनओटै नगरपालिकाकाकक्षा आठको नेपालीभाषाविषयको नगर स्तरीय परीक्षाकाप्रश्नपत्रलाई मात्रअध्ययनले समेटेको छ । यस अधययनले प्रश्ननिर्माणको अध्ययन, विश्लेषण तथा सुझावहरू दिने प्रयास गरेको छ । यो शोधपत्र ५ ओटा अध्यायमाविभाजित छ । पहिलो अध्यायमा परिचय, दोस्रोमा सम्बन्धित साहित्यको पुनरवलोकन र अवधारणात्मक ढाँचा, तेस्रोमाअध्ययनको विधि र प्रक्रिया, चौथोमाबाह्यतथाआन्तरिक आधारमाप्रश्नपत्रको विश्लेषण र पाँचौंमानिष्कर्ष तथा सुझावहरू समेटिएको छ । तीनजिल्लालाई छनोट गरी सामग्री सङ्कलनपश्चात् सामग्रीको तुलनात्मक र पुस्तकालयीयविधिप्रयोग गरी विश्लेषण गरिएको छ ।

प्रश्नपत्रहरू तीनओटै नगरपालिकाका समान७५ पूर्णाङ्कका छन् । प्रश्नपत्रतीनदेखि चार पेज सम्मका छन् तर उल्लेख गरिएको छैन । प्रश्ननिर्देशन एउटा पृष्ठमा र प्रश्नअर्को पृष्ठमा पनिदिएको देखिन्छ । सबै नगरपालिकाकाप्रश्नहरूमा २ से.मि. किनारा छोडाइलाई ख्यालगरिएको छैन । प्रश्नपत्रहरूमाप्रश्नहरूको रखाइक्रम सबै नगरपालिकाको एकै ढङ्गको छ । अर्थात प्रश्नहरू सरलदेखि जटिलताकै क्रममा राखिएका छन् । भाषागतत्रुटि सबै नगरपालिकाले उल्लेख्य मात्रामा गरेका छन् । प्रश्नहरू सबैनगरपालिकाले पाठ्यक्रमको मापदण्डमा आधारित भएरै निर्माण गरेका छन् । प्रश्नसङ्ख्या, प्रश्नकाकिसिम र तिनको अङ्कभार पनि पाठ्यक्रमअनुरूप नै छन् । विधागतआधारमाभने प्रश्नहरू समान छैनन् । प्रश्नहरू पाठ्यपुस्तक केन्द्रितभएर सोधिएको पाइन्छ । परिमार्जित विशिष्टीकरण तालिका २०६९ अनुसार नै सबै प्रतिनिधिनगरपालिकाकाप्रश्नहरू तयार भएका छन् । प्रश्न सङ्ख्या,

उत्तर दिनुपर्ने सङ्ख्या, अङ्कभार र समयबीच सन्तुलनकायम गरी तीनओटै नगरपालिकाले प्रश्ननिर्माण गरेका छन् ।

प्रत्येकप्रश्नको शीर्ष भाग समान ढङ्गले लेखिएको छैन । कसैले आधारभूततह र कसैले आधारभूतशिक्षा उत्तीर्ण परीक्षा लेखेका छन्,तसर्थ प्रश्नपत्रतयार गर्ने वाउपयोगमाल्याउने संस्थाले शीर्ष भाग एकै ढङ्गले लेख्नुपर्दछ । संस्थाको नाम र नगरपालिका शुद्ध भाषामाआकर्षक ढङ्गले लेख्नुपर्दछ । पाठ्यक्रमका उद्देश्य के हो त्यहीअनुसारकाप्रश्नहरू तयार पार्नुपर्दछ । प्रश्नपत्रमाशीर्ष निर्देशन समेत दिनुपर्दछ । प्रश्नपत्रहरू विषयविज्ञ, अनुभवी र दक्ष शिक्षकहरूबाट निर्माण गराउनुपर्दछ । प्रश्नपत्रहरू वैध हुनु पर्दछ । प्रश्नहरूले मागेको उत्तरको लम्बाइ र गहिराइको अनुमानहुने खालकाप्रश्नहरू निर्माण गर्नुपर्दछ । किनारा छोडाइ, आकर्षक कागजको प्रयोग, पृष्ठ नं. आदिलाई पनिख्यालगर्नु पर्दछ । शीर्ष निर्देशन र प्रश्ननिर्देशन स्पष्ट ढङ्गले दिनुपर्दछ । प्रश्ननिर्देशन एउटै पृष्ठमा हुनुपर्दछ । प्रश्नको भाषा शुद्ध र मानकहुनुपर्दछ ।प्रश्नहरू दोहोरो अर्थ नलाग्ने हुनु पर्दछ । सरल, मध्यम र जटिल तीनओटै खालकाप्रश्नहरू समेट्नु पर्दछ ।

# परिच्छेद एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

भाषा विषयको शिक्षणबाट सिकारुको भाषिक सीप र क्षमताको विकास गर्ने उद्देश्य राखिएको हुन्छ । भाषिक सीप अन्तर्गत सुनाइ, बोलाइ, पढाइ र लेखाइ गरी जम्मा चारओटा सीपहरू पर्दछन् । भाषाका यिनै चार सीपहरूको मूल्याङ्कन भाषिक मूल्याङ्कन हो (भण्डारी र अन्य, २०६८ : ३१३) । भाषाका चार सीपहरूमध्ये लिखित परीक्षामा उपयोग गरिने प्रश्नपत्रबाट पढाइ तथा लेखाइ सीप क्षमताको मूल्याङ्कन गरिन्छ । भाषिक मूल्याङ्कनमा प्रश्नपत्र निर्माण गर्दा मूलतः पाठ्यक्रम, पाठ्यपुस्तक तथा परीक्षण योजनालाई आधार बनाइनु पर्दछ । यस्ताप्रश्नपत्रहरू स्पष्ट, स्तरीय, क्रमबद्ध, विश्वसनीय र वैध हुनु पर्दछ ।

हाल शिक्षण सिकाइ क्रियाकलापका क्षेत्रमा भएको विकास र परिवर्तिक मान्यता अनुसार मूल्याङ्कनका क्षेत्रमा पनि विभिन्न प्रकारका नवीनतम् साधन र प्रचलनहरू विकास हुँदै गएका छन् (भण्डारी र अन्य, २०६८: २०) । खासगरी विज्ञान र प्रविधिको विस्फोटक विकाससँगै विद्यार्थीको ज्ञानात्मक पक्षलाई भन्दा सीप पक्षलाई बढी महत्त्व दिइँदै आएको छ । यस सन्दर्भमा उच्च महत्त्वको परीक्षा, दक्षतामा आधारित मूल्याङ्कन, उपलब्धि सङ्ग्रह जस्ता मूल्याङ्कन प्रणालीहरू स्थापित हुँदै गएका छन् । मापन र मूल्याङ्कनका क्षेत्रमा देखापरेका प्रस्तुत नवप्रवर्तनहरूले विद्यार्थीहरूको सैद्धान्तिक ज्ञानको मात्र मापन नगरी उनीहरूका सीप, अभिवृत्ति, रुचि, व्यक्तित्व, समस्या समाधान गर्ने र नयाँ परिस्थितिसँग समायोजन हुन सक्ने क्षमताको पनि सङ्ख्यात्मक लेखाजोखा गर्ने प्रणालीको विकास गरेका छन् (भण्डारी र अन्य, २०६८:३०) । यसले परम्परागत मूल्याङ्कन प्रणालीलाई चुनौती दिएको छ ।

मूल्याङ्कनको बहुप्रचलित पद्धतिको रूपमा लिखित परीक्षा स्थापित भएको छ । प्रश्नपत्र लिखित परीक्षाको भरपर्दो साधन हो । विद्यार्थीहरूको पढाइ तथा लेखाइ सीप क्षमताको मापन एवम् मूल्याङ्कन गर्नका लागि परीक्षामा प्रश्नपत्रको उपयोग गरिन्छ । परीक्षामा उपयोग गरिने प्रश्नपत्र सरलबाट जटिलमा क्रमबद्ध, स्पष्ट, शुद्ध, स्तरीय एवम्

विशिष्टीकरण तालिका अनुसार निर्माण गरिनु पर्दछ (पराजुली र अन्य, २०६८ : १४८) ।मूलतः आन्तरिक र बाह्य दुवै पक्षमा गुणस्तरीय प्रश्नपत्रबाट मात्र परीक्षणमा विश्वसनीयता र वैधता कायम गर्न सकिन्छ ।

मूल्याङ्कनको अवधारणा निकै पुरानो भएको पाइन्छ । सामान्य अर्थमा कुनै पनि विषयवस्तु वा चिजको लेखाजोखा, छानबिन वा जाँचबुझ गर्ने कार्य मूल्याङ्कन हो (पराजुली र अन्य, २०६८ : ४) । मानिसले दैनिक जीवनका काम कारवाहीहरूमा गर्ने गल्ती, त्रुटि र कमजोरीहरूलाई सुधार गर्दै भावी सुधारात्मक क्रियाकलाप गर्दै जाने गर्दछ । जुन प्रक्रियालाई मूल्याङ्कन भनिन्छ (शर्मा र अन्य, २०६२ : १०७) ।मूल्याङ्कन एक बृहत् अवधारणा हो । मूल्याङ्कनको बहुप्रचलित साधनको रूपमा रहेको प्रश्नपत्रको अध्ययन विश्लेषणको प्रचलन पनि निकै लामो रहेको पाइन्छ ।

शैक्षिक प्रशासनको विकेन्द्रीकरण स्वरूप हाल स्थानीय तहमा विभिन्न शैक्षिक गतिविधिहरू सञ्चालन गरिँदै आएको छ । हाल विद्यालय तहका विभिन्न परीक्षाहरू नगर स्तरबाट सञ्चालन हुने गर्दछन् । विद्यार्थीहरूको समग्र पक्षको मूल्याङ्कनमा लिखित परीक्षा कम विश्वसनीय बन्दै गएको वर्तमान सन्दर्भमा भाषिक सीपहरूको परिक्षण परामपरागत रूपमा प्रचलित लिखित परीक्षाबाट गर्नु एक चुनौतीपूर्ण कार्य बन्दै गएको छ । नगर स्तरबाट प्रश्न निर्माण गरी परीक्षा सञ्चालन गरिए तापनि प्रश्न निर्माण, परीक्षा सञ्चालन, उत्तरपुस्तिका परीक्षण, प्रश्नपत्र तथा परीक्षाको जाँच र अनुगमन तथा उत्तर पुस्तिका सम्परीक्षण जस्ता विषयमा कुनै ठोस नीति तथा कार्यक्रम बनेको पाइदैन । यसले गर्दा नगर स्तरबाट भएका परीक्षा र मूल्याङ्कन विश्वसनीयता र वैधताका दृष्टिले कमजोर बन्न पुगेको देखिन्छ ।

यो अध्ययन कक्षा ८ को नगर स्तरीय परीक्षामा उपयोग गरिएका प्रश्नहरू प्रश्नपत्रको मापदण्ड, गुण, विशेषता अनुरूप स्तरीय भए नभएको पहिचान गर्न तथा ती प्रश्नपत्रले विद्यार्थीको भाषा सम्बन्धी पढाइ, लेखाइ तथा एकीकृत सीप मूल्याङ्कन गर्न सके नसकेको कुराको अध्ययनमा केन्द्रित रहेको छ । यस शोधकार्यमा विभिन्न नगरद्वारा कक्षा ८को अनिवार्य नेपाली विषयको परीक्षामा उपयोग गरिएका नगर स्तरीय प्रश्नपत्रहरूको विशिष्टता, स्तरीयता, स्पष्टता, क्रमबद्धता, विद्यार्थीको स्तर अनुकूल विश्वसनीयता र

वैधताको अध्ययन बाह्य र आन्तरिक आधारमा गरी शोधकार्यलाई निष्कर्षमा पुऱ्याइएको छ ।

## १.२ समस्या कथन

हाल विद्यालय तहमा नगर स्तरबाट प्रश्नपत्र निर्माण गरी मूल्याङ्कन गर्ने नीति अवलम्बन गरिएको छ । यस सन्दर्भमा प्रश्नपत्र निर्माण गर्ने कार्य एक चुनौतीपूर्ण कार्य हो । नगर स्तरबाट निर्मित प्रश्नहरूको उपयुक्तता, विश्वसनीयता, वैधता तथा क्रमबद्धतालाई यस शोधकार्यको मुख्य समस्याको रूपमा लिइएको छ ।

प्रश्नको जाँच तथा मूल्याङ्कनको कुनै व्यवस्था नरहेको हुँदा नगर स्तरबाट निर्मित प्रश्नपत्रहरूमा धेरै कमजोरी  रहेको पाइन्छ । यस्ता प्रश्नपत्रहरूमा विश्वसनियता, वैधता, व्यावहारिकता जस्ता पक्षहरू दुर्बल भएका कारण परीक्षणको गुणस्तर समेत घट्न गएको देखिन्छ । नगर स्तरका प्रश्नपत्र निर्माण देखिएका प्रस्तुत समस्याहरूको वस्तुस्थिति केलाई उपयुक्त तथ्य पत्ता लगाउनु प्रस्तुत शोध कार्यको मुख्य समस्या रहेको छ । विभिन्न नगरद्वारा निर्माण गरिएका प्रश्नपत्रहरूको तुलनात्मक विश्लेषण गरी प्राप्त निष्कर्षका आधारमा  आवश्यक सुझाव प्रस्तुत गर्नु पनि यस शोधकार्यको समस्या रहेको छ ।

नेपालको शैक्षिक प्रणालीलाई विकेन्द्रीकरण गर्दै जाने क्रममा नगरस्तरीय नवीन धारणा हाल प्रयोगमा आइरहेको छ । नगरभित्र सञ्चालित विद्यालयहरूको शैक्षणिक गतिविधिमा सहयोग गर्नुका साथै परीक्षा व्यवस्थापन गर्ने मुख्य जिम्मेवारी नगरमा नै रहेको हुन्छ ।

यो शोधकार्यनगर स्तरमा प्रश्न निर्माण गर्दा अपनाइने विधि, सिद्धान्त तथा सावधानीको अध्ययनका साथै निर्मित प्रश्नपत्रहरूको बाह्यर आन्तरिकआधारमा विश्वसनीयता, वैधता जस्ता पक्षहरूसँग सम्बन्धित निम्न प्रश्नहरूमा केन्द्रित रहेको छ ।

क) नगर स्तरीय कक्षा ८ का नेपाली विषयका प्रश्नपत्रहरू निर्माण गर्दा विशिष्टीकरण तालिकाको उपयोग के-कसरी गरिएको छ ?

ख) प्रश्नपत्रहरू विश्वसनीयता र वैधताकोअवस्था के-कस्तो छ ?

ग) प्रश्नपत्रहरूमा प्रयोग भएको भाषिक शुद्धता के-कस्तो छ ?

घ) विभिन्ननगरद्वारानिर्माण गरिएकाप्रश्नपत्रहरूमा के-कस्ता समानता र भिन्नताहरू रहेका छन् ?

## १.३ अध्ययनको उद्देश्य

प्रस्तुत शोधकार्यका उद्देश्यहरू निम्नानुसार रहने छन् :

क. कक्षा ८ को अनिवार्य नेपाली विषयका प्रश्नपत्रहरूकोबाह्य आधारमा तुलनात्मक अध्ययन र विश्लेषण गर्नु ।

ख. आन्तरिक आधारमा निर्धारित प्रश्नपत्रहरूको तुलनात्मक अध्ययन र विश्लेषण गर्नु ।

ग. नगर स्तरमा प्रश्नपत्र निर्माणको वस्तुस्थितिको निष्कर्ष निकाली उपयुक्त सुझाव प्रस्तुत गर्नु ।

## १.४ अध्ययनको औचित्य र महत्त्व

प्रश्नपत्र विश्लेषण सम्बन्धी विभिन्न अध्ययनहरू यस अघि पनि भएको पाइन्छ । यस अध्ययनसँग सम्बन्धित पूर्वकार्यको अध्ययनबाट कक्षा ८ को नगर स्तरीय परीक्षामा उपयोग गरिएका प्रश्नहरूको आन्तरिक र बाह्य आधारमा तथा विशिष्टीकरण तालिकाका आधारमा हालसम्म कुनै अध्ययन नभएको स्पष्ट हुँदा यस अध्ययनको औचित्य र महत्त्व रहेको छ ।

आधारभूत तहको पाठ्यक्रम अनुसार कक्षा ८ को नेपाली भाषा विषयका प्रश्नहरूको अध्ययन गरी के-कति उपयुक्त र स्तरयुक्त छन्, के-कति कमीकमजोरी छन् र त्यसको सुधारका लागि प्रश्न निर्माण गर्ने विद्यमान अवस्थाप्रति सुझाव प्रस्तुत गर्न यो अध्ययन सान्दर्भिक हुने ठानिएको छ । यस अध्ययनबाट विद्यार्थी, शिक्षक, अभिभावक, परीक्षक र प्रश्नपत्र निर्माणकर्तालाई उचित सल्लाह सुझाव प्राप्त हुने भएकाले यस अध्ययनको औचित्य रहेको छ ।

## १.५ अध्ययनको सीमा

मोरङ जिल्लाकोसुन्दरहरैचा, बेलबारी र पथरी शनिश्चरे नगरपालिकामा वि.सं. २०७४ मा कक्षा आठको नेपाली विषयको वार्षिक परीक्षामा उपयोग गरिएका प्रश्नपत्रको विश्लेषण एवम् तुलनात्मक अध्ययनमा मात्र यो शोधकार्य केन्द्रित रहेको छ । उक्त

प्रश्नहरूको अध्ययन पाठ्यक्रम, विशिष्टीकरण तालिका, विश्वसनीयता र वैधताका आधारमा मात्र गरिएको छ । उक्त प्रश्नहरूको सैद्धान्तिक तथा भाषिक रूपमा मात्र अध्ययन गरिने छ । यी बाहेकका कुराहरू यस अध्ययनको सीमाका रूपमा रहेका छन् ।

# परिच्छेद दुई

# सम्बन्धित साहित्यको पुनरावलोकन र अवधारणात्मक ढाँचा

## २.१ सैद्धान्तिक साहित्यको पुनरावलोकन

विद्यार्थीको सिकाइ उपलब्धि मूल्याङ्कनको एउटा भरपर्दो साधन प्रश्नपत्र हो । विद्यार्थीका लेखन सीप, बोध सीप सम्बन्धी क्षमताको मापनका लागि मूल्याङ्कनमा प्रश्नपत्रको उपयोग गरिन्छ । मानव समाजको स्थापना, विकास र विस्तारसँगै प्रत्यक्ष वा परोक्ष रूपमा कुनै पनि वस्तु, घटना, चिज, प्रक्रिया आदिको लेखाजोखा, छानविन, जाँचबुझ, ठिकबेठिक छुट्याउने जस्ता क्रियाकलाप भएको पाइन्छ । मानव सभ्यताको जटिलताको क्रमसँगै मूल्याङ्कनका प्रक्रियाहरूमा पनि विकास र विस्तार हुँदै गएको पाइन्छ (ज.ब.रा. र अन्य, २०६७ : ८) । हाल मूल्याङ्कनमा विभिन्न नवीन प्रयोगहरू हुँदै आएका छन् ।

कुनै पनि कार्यक्रमको अन्त्यपछि उक्त कार्यक्रमको मूल्याङ्कन गरिने र त्यसबाट कार्यक्रमको लेखाजोखा हुने गर्दछ । शिक्षा क्षेत्रमा पनि निर्धारित उद्देश्य प्राप्तिका लागि शिक्षण सिकाइकार्यक्रम सञ्चालन हुन्छन् । शिक्षण सिकाइबाट विद्यार्थीमा अपेक्षित परिवर्तन आयो-आएन, उपलब्धि हासिल भयो-भएन जस्ता कुराको लेखाजोखा गर्ने प्रक्रिया मूल्याङ्कन हो ।यसलाई शिक्षण सिकाइको चक्रीय प्रक्रियाभित्रको एक अभिन्न अङ्गको रूपमा लिइन्छ ( पराजुली र अन्य, २०६७ : ५) । मूल्याङ्कनले शिक्षणको उद्देश्य पूरा हुन नसक्नुका कारणहरू खोजी सुधारात्मक शिक्षण योजना बनाउन सहयोग गर्छ ।

“मूल्याङ्कन एउटा आधुनिक वैज्ञानिक धारणा हो, जुन मापन भन्दा बढी व्यापक हुन्छ । यसमा गुणात्मक एवम् सङ्ख्यात्मक मापनका साथै पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षण प्रक्रिया, शिक्षण सामग्री आदिको समेत लेखाजोखा पर्दछन्,” (ज.ब.रा.र अन्य, २०६७ : ११) । शिक्षासँग सम्बन्धित सम्पूर्ण शैक्षिक प्रक्रिया र गतिविधिको लेखाजोखा गर्ने आधार मूल्याङ्कन भएकाले शिक्षण सिकाइ प्रक्रियाबाट अपेक्षित उपलब्धि हासिल भयो-

भएन भनी विद्यार्थीको सिकाइ उपलब्धिको मापनका लागि पनि मूल्याङ्कन आवश्यक हुन्छ। विद्यार्थीका सिकाइ उपलब्धि परीक्षणमा मूल्याङ्कनको भरपर्दो साधनका रूपमा प्रश्नपत्रको उपयोग गरिन्छ। विद्यार्थीका लेखन सीप, बोध सीप र पढाइ सीपसम्बन्धी क्षमताको मापनका लागि मूल्याङ्कनको एउटा साधनका रूपमा प्रश्नपत्रको उपयोग गरिन्छ।

विद्यार्थी उत्तीर्ण अनुत्तीर्ण तथा कक्षोन्नतिसम्बन्धी निर्णय गर्नका लागि परीक्षामा प्रश्नपत्रको उपयोग गर्ने परम्परा रहेको छ। वर्तमान मूल्याङ्कन प्रणालीमा प्रयोगात्मक परीक्षाका लागि थोरै पूर्णाङ्क निर्धारण गरे तापनि लिखित परीक्षाका लागि भने धेरै पूर्णाङ्क राखिएको पाइन्छ। प्रयोगात्मक तथा शिक्षक निर्मित परीक्षा विद्यालयको मापदण्ड र अनुकूलतामा जुनसुकै समयमा जुनै तरिकाले सञ्चालन गर्ने प्रावधान रहे तापनि सामान्यताःनगर स्तरीय लिखित परीक्षा निश्चित समयमा निश्चित मापदण्ड अनुसार, निश्चित अङ्कभार कायम गरी सञ्चालन गर्ने गरिन्छ। यसर्थ नगर स्तरीय परीक्षाहरूमा उपयोग गरिने प्रश्नपत्रमा स्तरीयता, मानकता र एकरूपता जस्ता गुण हुनु आवश्यक हुन्छ ।

## २.२ सम्बन्धित साहित्यको पुनरवलोकन

प्रश्न विश्लेषणसँग सम्बन्धित भएर विभिन्न अनुसन्धानहरू सम्पन्न भएका छन् । यहाँ यस अध्ययनसँग सम्बन्धित पूर्व साहित्यहरूको सङ्क्षिप्त विश्लेषण निम्नानुसार प्रस्तुत गरिएको छ :

आचार्य (२०५९) द्वारा**२०५८ सालमा उपयोग गरिएका कक्षा आठको नेपाली भाषाको प्रश्नहरूको विश्लेषण** शीर्षकमा शोधपत्र तयार पारिएको देखिन्छ। आन्तरिक र वाह्य आधारमा प्रश्नपत्रको विश्लेषण गर्नु मुख्य उद्देश्य रहेको प्रस्तुत शोधकार्यमा मूलत पुस्तकालयीय विधिको प्रयोग गरिएको छ। यस शोधकार्यमा आन्तरिक र बाह्य दृष्टिले प्रश्नहरूको अध्ययन गरी प्रश्न निर्माणमा विविधता हुनुका कारणहरू पहिल्याउन सङ्कलन गरिएका प्रश्नहरूविभिन्न आधार र उपआधारमा अध्ययन विश्लेषण गरी निष्कर्ष दिइएको छ ।

बस्नेत (२०६२) द्वारा **कक्षा ८ को जिल्लास्तरीय परीक्षा २०६१ मा उपयोग गरिएका नेपाली भाषाका प्रश्नहरूको अध्ययन**शीर्षकको शोधपत्र तयार पारिएको पाइन्छ। उक्त अध्ययनमा सङ्कलित प्रश्नहरूको बाह्य र आन्तरिक आधारमा अध्ययन विश्लेषण गर्ने मुख्य

उद्देश्य रहेको छ । बाह्य आधारका दृष्टिले अध्ययन गर्न निर्देशन, अङ्क विभाजन र समय निर्धारण, प्रस्तुति, अनुक्रम, प्रश्नहरूको स्वरूप र भाषालाई प्रमुख आधार बनाइएको देखिन्छ ।ती आधारभित्र पनि अन्य उपआधारहरू तयार गरी प्रश्नपत्रहरूको विश्लेषण गरिएको देखिन्छ । आन्तरिक आधारका दृष्टिले अध्ययन गर्न पाठ्यक्रम अनुरूपता, भाषिक पक्षहरूको संयोजना र सन्तुलन, प्रश्नमा हुनपर्ने गुण, प्रश्नका अन्य आधार बनाएको देखिन्छ । उक्त आधारबाट प्रतिनिधि प्रश्नहरूको अध्ययन गर्दा बाह्य र आन्तरिक दुवै वैधताका आधारमा प्रश्नहरू कमजोर रहेको निष्कर्ष निकालिएको छ । विभिन्न पाँच जिल्लाका प्रश्नपत्रहरूको अध्ययनमा प्रस्तुत शोध सीमित रहेको छ ।

पोखेल (२०६५) द्वारा **प्रवेशिका परीक्षा २०६४ का अनिवार्य नेपाली विषयका प्रश्नहरूको तुलनात्मक अध्ययन** शीर्षकको शोधपत्र तयार गरिएको पाइन्छ । उक्त अनुसन्धानमा प्रश्नहरूको तुलनात्मक अध्ययन बाह्य र आन्तरिक आधारमा गर्ने उद्देश्य राखिएको छ । प्रवेशिका परीक्षा २०६४ का प्रश्नहरूको कमीकमजोरी पत्ता लगाउँदै सैद्धान्तिक विश्लेषण गरिएको उक्त शोधपत्रमा पाँच विकास क्षेत्रमा सोधिने भिन्नभिन्न प्रश्नहरूको समग्र अवस्थाको अध्ययन गरिएको छ । प्रश्नपत्रको विश्वसनियता र वैधताको जाँच नहुनु यस शोधको सीमा रहेको छ ।

गौतम (२०६६) द्वारा **कक्षा आठको जिल्ला स्तरीय परीक्षा २०६४ मा उपयोग गरिएका प्रश्नपत्रहरूको अध्ययन** शीर्षकको शोधपत्र तयार पारिएको छ । उक्त शोधपत्रको उद्देश्य आन्तरिक र बाह्य विशेषताका आधारमा प्रतिनिधि प्रश्नहरूको अध्ययन गर्नु, प्रश्नलाई पाठ्यक्रम तथा पाठ्यपुस्तक अनुरूपताका दृष्टिले अध्ययन गर्नु, विशिष्टीकरण तालिका अनुसार प्रश्नपत्र निर्माण गरे नगरेको कुरा पत्ता लगाई प्रश्नमा भएका कमजोरी पत्ता लगाएर प्रश्नपत्र सुधारका लागि आवश्यक सुझावहरू दिनु रहेको पाइन्छ । मूलत पुस्तकालयीय विधिको प्रयोग गरिएको उक्त शोधपत्रमा बाह्य र आन्तरिक आधारका उपआधारमा प्रश्न विश्लेषण गरी निर्देशन, अङ्क विभाजन, समय निर्धारण, प्रस्तुति अनुक्रम, कागजको स्तर, छपाइ आदिका दृष्टिले प्रश्नपत्रहरू कमजोर रहेको निष्कर्ष निकाल्दै आवश्यक सुधारका लागि सुझावहरू प्रस्तुत गरिएको छ । कक्षा ८ को अन्तिम परीक्षाको प्रश्नपत्रको विश्लेषण गरिएको प्रस्तुत शोधकार्यमा प्रश्नपत्रहरूको तुलनात्मक अध्ययन हुन नसकेको देखिन्छ ।

बराल (२०६६) द्वारा **प्रवेशिका परीक्षा २०६५ मा पाँच विकास क्षेत्रमा सोधिएका नेपाली विषयका प्रश्नहरूको तुलनात्मक अध्ययन** शीर्षकमा तयार पारिएको देखिन्छ । उक्त शोधपत्रमा प्रश्नहरूको बाह्य तथा आन्तरिक आधारमा विश्लेषण गरेको पाइन्छ । बाह्य आधारअन्तर्गत निर्देशन, अङ्क विभाजन र समय निर्धारण, प्रस्तुति अनुक्रम, प्रश्नको स्वरूप, भाषा जस्ता शीर्षक र यस अन्तर्गत विभिन्न उपआधारहरू राखी अध्ययन गरेको पाइन्छ । आन्तरिक आधारमा प्रश्नहरूको अध्ययनअन्तर्गत पाठ्यक्रम अनुरूपता, भाषिक पक्षहरूको संयोजन र सन्तुलन, प्रश्नमा हुनुपर्ने गुणजस्ता शीर्षक तथा उपशीर्षकमा पनि अध्ययन गरेको पाइन्छ ।

सुवार (२०६७) द्वारा **प्रवेशिका परीक्षा २०६६ सालका पाँच विकास क्षेत्रका अनिवार्य नेपाली विषयका प्रश्नहरूको तुलनात्मक अध्ययन**शीर्षकमा तयार पारिएको शोधपत्रमा २०६६ सालका सङ्कलित प्रतिनिधि प्रश्नहरूको बाह्य तथा आन्तरिक आधारमा अध्ययन गर्ने उद्देश्य रहेको छ । पुस्तकालयीय अध्ययन विधि तथा वर्णनात्मक ढाँचाको प्रयोग गरिएको उक्त अध्ययनमा बाह्य आधारका दृष्टिले निर्देशन, अङ्क विभाजन, समय निर्धारण, प्रस्तुति अनुक्रम, प्रश्नहरूको स्वरूप र भाषालाई प्रमुख आधार बनाइएको पाइन्छ । त्यस्तै आन्तरिक आधारभित्र अन्य उपआधारहरू तय गरी पाठ्यक्रम अनुरूपता र भाषिक पक्षहरूलाई प्रमुख आधार बनाई अध्ययन गरिएको पाइन्छ । कठिनाइ स्तरमा एकरपता नहुनु तथा भाषिक त्रुटि रहेको निष्कर्ष निकालिएको प्रस्तुत अध्ययन एस.एल.सी. परीक्षाको २०६६ सालको प्रश्न विश्लेषणमा सीमित रहेको छ ।

थापा (२०६८) द्वारा**सिन्धुपाल्चोक जिल्लाको मा. वि. तह कक्षा ९ र १० को नेपाली शिक्षणमा शैक्षिक सामग्री उपयोगको स्थिति** शीर्षकको शोधपत्र तयार पारेकी छन् । यो अध्ययन सिन्धुपाल्चोक जिल्लाका माध्यमिक विद्यालयहरूमा शैक्षिक सामग्री प्रयोगको अवस्था पत्ता लगाउने, नेपाली भाषा शिक्षण गर्दा प्रयोग गरिएका शैक्षिक सामग्रीहरूको परिचय दिने, नेपाली भाषा शिक्षणमा शैक्षिक सामग्री प्रयोगको समस्या र तिनका समाधानका उपाय बारे चर्चा गर्ने उद्देश्यमा केन्द्रित छ । यस अध्ययनमा शैक्षिक सामग्रीको प्रयोग गर्न भौतिक, आर्थिक तथा प्रशासनिक समस्या रहेको र उक्त समस्यालाई समाधान गरी शैक्षिक सामग्री प्रयोगको वातवरण सिर्जना गर्न सरकारी स्तरबाट नै पहल गर्नु पर्ने उल्लेख गरेकी छन् ।

खनाल (२०६९) द्वारा**प्रवेशिका परीक्षा २०६७ का पाँच विकास क्षेत्रका अनिवार्य नेपाली विषयका प्रश्नहरूको तुलनात्मक अध्ययन** शीर्षकमा शोधकार्य पूरा भएको छ। बाह्य वैधताका आधारमा भाषिक सीप मापनका दृष्टिले उपयुक्तता पत्ता लगाउनु, आन्तरिक आधारमा प्रतिनिधि प्रश्नपत्रहरूले माध्यमिक तहको पाठ्यक्रम अनुरूप विद्यार्थीको भाषिक क्षमता मापन गर्न सके नसकेको पत्ता लगाउनु, विशिष्टीकरण तालिका अनुरूप प्रश्नपत्र निर्माण भए नभएको पत्ता लगाउनु जस्ता उद्देश्य राखी यो शोधकार्य पूरा गरिएको छ। मूलतः पुस्तकालयीय अध्ययन विधि र विश्लेषणात्मक ढाँचाको प्रयोग गरिएको यस शोधकार्यमा बाह्य र आन्तरिक आधारअन्तर्गत विभिन्न उपआधारहरू तय गरी प्रश्नपत्रको निर्देशन, अङ्क विभाजन, समय निर्धारण, प्रस्तुति अनुक्रम, स्वरूप र भाषा तथा पाठ्यक्रम अनुरूपता, भाषिक पक्षहरूको संयोजन र सन्तुलन जस्ता आधारमा प्रश्नपत्र कमजोर रहेको निष्कर्ष निकाली आवश्यक सुझाव प्रस्तुत गरिएको छ। प्रस्तुत शोधकार्य प्रवेशीका परीक्षा २०६७ का पाँच विकास क्षेत्रका प्रश्नपत्रको विश्लेषणमा सीमित भएको छ।

दाहाल (२०६९) द्वारा **कक्षा आठको जिल्ला स्तरीय परीक्षा २०६७ मा उपयोग गरिएका प्रश्नपत्रहरूको अध्ययन** शीर्षकमा शोधकार्य पूरा गरिएको छ। प्रतिनिधि प्रश्नहरू पाठ्यक्रम, पाठ्य पुस्तक र विशिष्टीरण तालिकाअनुरूप भए नभएको पत्ता लगाउनु, बाह्य र आन्तरिक वैधता पत्ता लगाउनु, प्रश्नपत्रमा भएका समानता र असमानता पत्ता लगाउनु तथा अध्ययनबाट प्राप्त कमीकमजोरी औल्याएर सुधारका लागि सुझाब दिनु भन्ने उद्देश्य राखी यो शोधकार्य पूरा गरेको देखिन्छ। मूलतः पुस्तकालयीय अध्ययन विधि र विश्लेषणात्मक ढाँचाको प्रयोग गरिएको उक्त शोधपत्रमा बाह्य तथा आन्तरिक आधार र उपआधारहरू तय गर्दै बाह्य आधारमा प्रश्नपत्रको स्वरूप, निर्देशन, अङ्क विभाजन र समय निर्धारण प्रस्तुति अनुक्रम, भाषा तथा आन्तरिक आधारका दृष्टिले पाठ्यक्रम, भाषिक सीपगत, विधागत आधारहरूमा प्रश्नपत्रको विश्लेषण गर्दै बाह्य र आन्तरिक दुवै वैधताका दृष्टिले प्रश्नहरू कमजोर रहेको निष्कर्ष निकाली सुधारका लागि आवश्यक सुझाब पेस गरिएको छ। पूर्वाञ्चलका इलाम, झापा, मोरङ, सुनसरी, धनकुटा गरी पाँच जिल्लाहरूका प्रश्नपत्रहरूको अध्ययन विश्लेषणमा सीमित प्रस्तुत शोधकार्यमा तुलनात्मक अध्ययन हुन नसकेको देखिन्छ।

अधिकारी (२०७४) द्वारा **आधारभूत तह उत्तीर्ण परीक्षा (२०७३) मा नेपाली विषयका प्रश्नपत्रहरूको अध्ययन** शीर्षकमा शोधकार्य पूरा गरिएको छ। प्रतिनिधि प्रश्नहरू पाठ्यक्रम,

पाठ्यपुस्तक र विशिष्टीरण तालिकाअनुरूप भए नभएको पत्ता लगाउनु, बाह्य र आन्तरिक वैधता पत्ता लगाउनु, प्रश्नपत्रमा भएका समानता र असमानता पत्ता लगाउनु तथा अध्ययनबाट प्राप्त कमीकमजोरी औल्याएर सुधारका लागि सुझाब दिनु भन्ने उद्देश्य राखी यो शोधकार्य पूरा गरेको देखिन्छ । मूलतः पुस्तकालयीय अध्ययन विधि र विश्लेषणात्मक ढाँचाको प्रयोग गरिएको उक्त शोधपत्रमा बाह्य तथा आन्तरिक आधार र उपआधारहरू तय गर्दै बाह्य आधारमा प्रश्नपत्रको स्वरूप, निर्देशन, अङ्क विभाजन र समय निर्धारण प्रस्तुति अनुक्रम, भाषा तथा आन्तरिक आधारका दृष्टिले पाठ्यक्रम, भाषिक सीपगत, विधागत आधारहरूमा प्रश्नपत्रको विश्लेषण गर्दै बाह्य र आन्तरिक दुबै वैधताका दृष्टिले प्रश्नहरू कमजोर रहेको निष्कर्ष निकाली सुधारका लागि आवश्यक सुझाव पेस गरिएको छ ।

उपर्युक्त विविध शीर्षकमा प्रश्न विश्लेषणसम्बन्धी अनुसन्धानहरू भइसके पनि हालसम्म कुनै अध्येताले कक्षा ८ को नेपाली विषयका नगर स्तरीय प्रश्नहरूको तुलनात्मक अध्ययन विषयमा अध्ययन अनुसन्धान नगरेकाले यो अध्ययन नै यस क्षेत्रको प्रारम्भिक अध्ययन रहेको छ ।

## २.३ अध्ययनका लागि पुनरावलोकनको उपादेयता


प्रश्नपत्र मूल्याङ्कनको एक भरपर्दो साधन हो । प्रश्नपत्र अध्ययनसँग सम्बन्धित थुप्रै शोधकार्य भएको पाइन्छ । यस अध्ययनमा प्रश्नपत्र विश्लेषणसँग सम्बन्धित प्राप्त सामग्रीहरूको यथासक्य पुनरावलोकन गरिएको छ । प्रश्नपत्रको विश्लेषण गरिएका धेरै जसो अध्ययनहरू कक्षा ८ को जिल्ला स्तरीय परीक्षा र एस.एल.सी. परीक्षाका प्रश्नपत्रहरूको अध्ययनमा केन्द्रित रहेका छन् । यस अध्येताको खोजका क्रममा नगर स्तरका कक्षा ८ को नेपाली विषयका प्रश्नपत्रहरूको अध्ययन विश्लेषण गरिएका कुनै पनि सामग्रीहरू प्राप्त भएका छैनन् । यसले गर्दा यो शोध कार्यमा प्रस्तुत विषयलाई शोध शीर्षकको रूपमा छनोट गरिएको हो ।

प्रस्तुत शोधकार्यमा सम्बन्धित पूर्व साहित्यको गहन अध्ययन गरी विषयवस्तुको पुनरावृत्ति नहोस भन्ने बारेमा विशेष सजकता अपनाइएको छ । पूर्व अध्ययन पद्धति तथा अध्ययनमा रहेका सबल पक्षको अनुसरण तथा कमजोर पक्षको परित्याग गरी अध्ययनलाई सकेसम्म वस्तुगत र सत्यतथ्य बनाउने प्रयत्न गरिएको छ । यस क्रममा शोध विषयसँग

प्रत्यक्ष सम्बन्ध राख्ने शिक्षक, विद्यार्थी तथा विभिन्न व्यक्ति, संस्था, जानिफकार, र विशेषज्ञहरूसँग आवश्यक छलफल र परामर्श लिई अध्ययनलाई सत्य, तथ्य र वस्तुनिष्ठ बनाउने प्रयत्न गरिएको हुँदा यस अध्ययनमा सम्बन्धित साहित्यको पुनरावलोकनको उपादेयता रहेको छ ।

## २.४ सैद्धान्तिक एवम् अवधारणात्मक ढाँचा

प्रश्नपत्रबाट मात्र विद्यार्थीको क्षमताको वास्तविक मूल्याङ्कन हुन सक्दछ । प्रश्नपत्र निर्माणका निश्चित मान्यता र सिद्धान्तहरू रहेका हुन्छन् । त्यस्ता सिद्धान्तको पालना गरेर निर्माण गरेका प्रश्नपत्रहरूले मात्र विद्यार्थीहरूको भाषिक सीपको मूल्याङ्कन गर्न सक्दछ । यहाँ प्रश्नपत्र निर्माणका प्रचलित सिद्धान्त, मान्यता र प्रचलनका आधारमा निर्धारित प्रश्नपत्रहरूको अध्ययन विश्लेषण गरिएको छ । प्रश्नपत्रको अध्ययन विश्लेषणका लागि निम्न अनुसारको अवधारणात्मक ढाँचा अवलम्बन गरिएको छ :




प्रस्तुत अध्ययनमा क्षेत्र अध्ययन अन्तर्गत निर्धारित नगरमा गई प्रश्न निर्माणको व्यवस्था र प्रक्रिया बुझी प्रश्नपत्रको सङ्कलन गरिएको छ । त्यस्तै पुस्तकालयीय विधिको

प्रयोग गरी पूर्व सामग्री तथा प्रश्न निर्माणका स्थापित सिद्धान्तहरूको व्याख्या र विवेचना गरिएको छ । प्रश्नपत्र निर्माणका बाह्य र आन्तरिक आधारमा सङ्कलित प्रश्नपत्रहरूको वर्गीकरण र विश्लेषण गरी यथार्थ निष्कर्ष निकालिएको छ । अध्ययनका क्रममा पत्ता लागेका तथ्य र निष्कर्षका आधारमा सम्बन्धित क्षेत्रलाई सुझाव प्रस्तुत गरिएको छ ।

# परिच्छेद तीन

# अध्ययनको विधि र प्रक्रिया

## ३.१ अध्ययनको ढाँचा र विधि

अनुसन्धान कार्यमा अध्ययन ढाँचा र विधि एक महत्त्वपूर्ण अङ्गका रूपमा रहेको छ ।मोरङ जिल्ला सुन्दरहरैंचा, बेलबारी र पथरीशनिश्चरेनगरद्वारा २०७४ सालमा निर्माण गरिएका कक्षा ८ का नेपाली विषयका प्रश्नहरूको तुलनात्मक अध्ययनमा केन्द्रित यो अनुसन्धान खासगरी वर्णनात्मक तथा विश्लेषणात्मक ढाँचामा रहेको छ । यस अध्ययनमा कक्षा ८ को नेपाली विषयका अन्तिम परीक्षामा उपयोग गरिएका प्रश्नहरूको स्वरूपगत वर्णन गरी प्रश्नपत्रहरूको अवस्थाका बारेमा प्रकाश पारिएको छ भने विशिष्टीकरण तलिका, वैधता, विश्वसनीयता तथा तुलनाका आधारमा उक्त प्रश्नहरूको विश्लेषण गरिएको छ ।

## ३.२ जनसङ्ख्या नमुना र नमुना छनोट रणनीति

प्रस्तुत शोधकार्यका लागि मोरङ जिल्ला सुन्दरहरैंचा, बेलबारी र पथरीशनिश्चरेनगरलाई अध्ययनको क्षेत्रका रूपमा लिइएको छ । अध्ययन क्षेत्रसँग सम्बन्धित यीनगरहरूले २०७४ सालमा निर्माण र उपयोग गरेका कक्षा ८ को अनिवार्य नेपाली विषयकासम्पूर्ण प्रश्नपत्रलाई अध्ययनको लागि लिइएको हुँदा सत्प्रतिशत नमुना छनोट रणनीति प्रस्तुत शोधकार्यमा अवलम्बन गरिएको छ ।

प्रस्तुत शोधकार्यमा निर्धारित क्षेत्रको नगरमा गई प्रश्नहरू सङ्कलन गरिएको छ । यस क्रममा सम्बन्धित नगरका विद्यालयमा गई विषय शिक्षकहरूसँग छलफल गरी सत्यतथ्य सामग्री सङ्कलनलाई प्राथमिकता दिइएको छ ।

## ३.३ अध्ययनको क्षेत्र

प्रस्तुत शोधकार्यको मूल उद्देश्य नगर स्तरका प्रश्नपत्रहरूको अध्ययन गर्नु रहेको छ । अध्ययनका लागि मोरङ जिल्ला सुन्दरहरैंचा, बेलबारी र पथरीशनिश्चरेनगरहरूलाई अध्ययनको क्षेत्र बनाइएको छ । ती नगर स्तरमा कक्षा ८ को नेपाली विषयको २०७४ सालको अन्तिम परीक्षामा सोधिएका प्रश्नपत्रहरूको अध्ययन यस अध्ययनको विषयगत क्षेत्र हो । अनुसन्धानकर्ताको घर या बसोबास पनि यसै क्षेत्रमा भएको हुँदा अनुसन्धान गर्न

सजिलो भई गहिरो अध्ययन हुन सक्ने अभिलाषाका साथ प्रस्तुत क्षेत्रलाई अनुसन्धानका लागि लिइएको हो ।

## ३.४ तथ्याङ्क सङ्कलनका साधन र तरिका

प्रस्तुत शोधकार्यमा प्राथमिक र द्वितीय दुवै स्रोतका सामग्रीको प्रयोग गरिएको छ । प्राथमिक स्रोतका रूपमा निर्धारितनगरहरूमा गई प्रश्नपत्र सङ्कलन गरिएको छ भने कतिपय प्रश्नपत्र सम्बन्धित विद्यार्थीहरूबाट लिइएको छ । त्यसैगरी द्वितीय स्रोतका रूपमा सम्बन्धित विषय क्षेत्रका पूर्व शोधपत्र, विश्वविद्यालय तहका विभिन्न पाठ्यक्रम, पाठ्यपुस्तक, विशिष्टीकरण तालिका तथा विभिन्न पुस्तक, पत्रपत्रिका, लेख, रचनाहरूको अध्ययन गरी आवश्यक सामग्री सङ्कलन गरिएको छ । खासगरी प्रश्नपत्र निर्माणका आधार र सिद्धान्तहरूको खोज अनुसन्धानका लागि प्रस्तुत शोधकार्य पुस्तकालयीय अध्ययनमा आधारित भई अगाडि बढाइएको छ ।

## ३.५ तथ्याङ्क सङ्कलन प्रक्रिया

प्रस्तुत शोधकार्यमा अध्ययन क्षेत्रका नगरबाट प्रश्नपत्रहरूको सङ्कलन गरिएको छ । यसका साथै नेपाली विषयका शिक्षकहरू, शोधकार्य पूरा गरेका अग्रजहरूको सल्लाह, सुझाव, अन्य पाठ्यपुस्तकहरूको अध्ययन र सम्बन्धित साहित्यको पुनरावलोकन गरी थप सामग्रीहरूको सङ्कलन गरिएको छ । मूल रूपमा प्रस्तुत शोधकार्य पुस्तकालयीय अध्ययन विधिबाट तयार गरिने हुँदा सम्बन्धित साहित्यको पुनरावलोकनलाई नै प्राथमिकता दिइएको छ ।

## ३.६ तथ्याङ्कको व्याख्या र विश्लेषण प्रक्रिया

कुनै पनि अनुसन्धान कार्यका लागि तथ्याङ्क सङ्कलन गरिसकेपछि ती सूचना वा तथ्याङ्कहरूको व्याख्या र विश्लेषण गर्नुपर्ने हुन्छ । यस अध्ययनमा सर्वप्रथम प्रश्न निर्माणका आधार, मान्यता र सिद्धान्तहरूको गहन रूपमा लेखाजोखा गरिएको छ । यस क्रममा पूर्व सामग्रीहरूको प्रशस्त अध्ययन विश्लेषण गरी निष्कर्षमा पुग्ने प्रयास गरिएको छ ।

प्रस्तुत शोधकार्यमा सङ्कलित प्रश्नहरूको अवस्था, स्वरूप र प्रकृतिको समग्र वर्णन गरिएको छ । शोधकार्यको उद्देश्य अनुसार आन्तरिक र बाह्य आधारमा प्रश्नपत्रको वैधताको परीक्षण गरिएको छ । यसका लागि आवश्यक तालिकाको प्रयोग गरी उक्त नगरका प्रश्नपत्रहरूको तुलनात्मक अध्ययन गरिएको छ ।

# परिच्छेद चार

# बाह्य आधारमा कक्षा आठको नगरस्तरीय परीक्षा (२०७४) मा उपयोग गरिएका प्रश्नहरूको विश्लेषण

## ४.१ बाह्य आधारमा प्रश्नपत्रको विश्लेषण

प्रश्नपत्रलाई बाह्य आधारमा विश्लेषण गर्नु भनेको यसको रूप विधागत (बाह्य) तथा पाठ्यक्रमले निर्दिष्ट गरेको प्रश्नको आकृतिगत पक्षलाई विश्लेषण गर्नुहो यस आधारमा यहाँ बाह्य र आन्तरिक रूपमा प्रश्नपत्रको विश्लेषण गरिएको छ ।

### ४.१.१ प्रश्नपत्रको स्वरूप

स्वरूप भनेको प्रश्नपत्रको अनुहार हो अथवा आकार प्रकार हो । स्वरूप अन्तर्गत शीर्ष भाग, उपशीर्ष भाग, आकार, प्रश्न सङ्ख्या, पृष्ठ, कागज, छपाइ र सफाइसम्बन्धी विषयहरू पर्दछन् । प्रयोग गरिएको प्रश्नपत्रहरू स्वरूपका दृष्टिले पनि उपयुक्त हुनुपर्दछ । यसका आधारमा प्रश्नहरूको अध्ययन विश्लेषण गर्ने प्रयास गरिएको छ ।

#### ४.१.१.१ शीर्ष भाग

प्रश्नपत्रको शीर्ष भागमा सम्बन्धित संस्थाको नाम स्पष्ट, शुद्ध र ठुला अक्षरमा लेख्नु उपयुक्त मानिन्छ । यसै आधारमा प्रश्नपत्रहरूको शीर्ष भागको अवस्था निम्नानुसार पाइन्छः

क) पथरीशनिश्चरे नगरपालिका : आधारभूत तह उत्तीर्ण परीक्षा २०७४

ख) बेलबारी नगरपालिका : आधारभूत तह उत्तीर्ण परीक्षा २०७४

ग) सुन्दरहरैँचा नगरपालिका : आधारभूत शिक्षा उत्तीर्ण परीक्षा २०७४

यसरी पथरीशनिश्चरे नगरपालिका र बेलबारी नगरपालिकाको प्रश्नको शीर्ष भागमा समानता देखिए पनि पथरीशनिश्चरे र बेलबारीको तह भएको ठाउँमा सुन्दरहरैँचाको प्रश्नमा शिक्षा देखिन्छ ।

### ४.१.१.२ उपशीर्ष भाग

उपशीर्ष भागअन्तर्गत प्रश्नका लागि लिखित निर्देशन र प्रश्न नं. सहित प्रश्न सुरु नभएसम्मको अवस्थालाई यस खण्डमा राखेर अध्ययन गरिएको छ । यस अन्तर्गत निम्न भाग पर्दछन्:

क) विषय

ख) समय

ग) पूर्णाङ्क

घ) उत्तीर्णाङ्क

यसरी अध्ययनमा उपयोग गरिएका प्रश्नपत्रहरूको उपशीर्ष भागको प्रस्तुतीकरणलाई तल तालिकामा देखाइएको छ :

तालिका नं. १

उपशीर्ष भागका एकाइ

| नगरपालिका | उपशीर्ष भागका एकाइ | | | | |
|---|---|---|---|---|---|
| | विषय | कक्षा | समय | पूर्णाङ्क | उत्तीर्णाङ्क |
| पथरीशनिश्चरे | नेपाली | ८ | २ घण्टा १५ मिनेट | ७५ | ३० |
| वेलवारी | नेपाली | ८ | २ घण्टा १५ मिनेट | ७५ | ३० |
| सुन्दरहरैँचा | नेपाली | ८ | २ घण्टा १५ मिनेट | ७५ | ३० |

स्रोत : पथरीशनिश्चरे, बेलबारी र सुन्दरहरैँचाका सक्कल प्रश्नपत्रहरू

यसरी माथिको तालिकालाई हेर्दा उपशीर्ष भागमा एकाइ अन्तर्गत पथरीशनिश्चरे, बेलबारी र सुन्दरहरैँचा जिल्लाको प्रश्नपत्रमा समय २ घण्टा १५ मिनेट), पूर्णाङ्क ७५ र उत्तीर्णाङ्क ३० समान छ । समयलाई जनाउन पथरीशनिश्चरे र बेलबारी नगरपालिकामा

मिनेट लेखिएको छ भने सुन्दरहरैँचाको प्रश्नपत्रमा मिनेट लेखिएको छैन । सबै नगरपालिकाका प्रश्नमा कक्षा उल्लेख नगरेको पाइयो ।

### ४.१.१.३ आकार

प्रश्नपत्र लामो छोटो र मध्यम खालको बनाउने कुरा नै आकार हो । प्रश्नपत्र यस्तै आकारको हुनुपर्छ भन्ने कुनै सैद्धान्तिक मान्यता नभए पनि भद्दा किसिमको हुनु राम्रो मानिदैँन । प्रश्नको प्रकृति, परीक्षण उद्देश्य, समय र प्रश्न सङ्ख्याको आकारले भूमिका निर्वाह गरेको हुन्छ । यस दृष्टिले हेर्दा प्रतिनिधि प्रश्नपत्रहरू उपयुक्त नै मानिन्छन् ।

### ४.१.१.४ प्रश्न सङ्ख्या

प्रश्नपत्रमा प्रश्न सङ्ख्याले महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । हुन त प्रश्नसङ्ख्या दृष्टांशीय तत्त्व भए तापनि यसलाई केन्द्रीय पाठ्यक्रम र विशिष्टीकरण तालिकाले पनि प्रभाव पारेको हुन्छ । यस दृष्टिले हेर्दा पथरीशनिश्चरे, बेलबारी र सुन्दरहरैँचा नगरपालिकाका प्रश्नसङ्ख्या १७ वटाका दरले सम्मान रहेका छन् । यस आधारमा हेर्दा प्रश्नसङ्ख्या समान हुनुलाई एकरूपता रहेको र प्रश्न निर्माण विशिष्टकरण तालिकाअनुसार भएको मान्न सकिन्छ । यसरी २०७४ सालमा सोधिएका प्रतिनिध नगरपालिकाका प्रश्न सङ्ख्यालाई हेर्दा ती प्रश्नपत्रहरू कक्षा आठका स्तर अनुकूल नै रहेका छन् ।

### ४.१.१.५ प्रश्न र पृष्ठ

पृष्ठ भनेको पाना हो । बनोट तथा स्वरूपका दृष्टिले एउटै प्रश्नलाई दुई ओटा पृष्ठमा राखिनुराम्रो हुँदैनतर उपप्रश्नहरू कहिलेकाहीँ राख्नु पर्ने अवस्था पनि हुन्छ । यसले विद्यार्थीहरू झुक्किने सम्भावना रहन्छ र प्रश्नपत्रको स्वरूप बिग्रन्छ एउटा प्रश्नको निर्देशन अर्को पृष्ठमा भयो भने परीक्षार्थी अलमल पर्ने अथवा निर्देशन र प्रश्नको तालमेल बुझ्नलाई बारम्बार पाना पल्टाइरहनु पर्ने हुन्छ । अर्को पृष्ठमा पनि प्रश्न छ भन्ने जानकारी दिन पृष्ठ निर्देशन वा सङ्केत दिनु पर्दछ । यसो गर्नाले परीक्षार्थी र परीक्षक झुक्किने सम्भावनाबाट मुक्त रहन्छन् । पृष्ठ निर्देशन वा सङ्केत गर्ने क्रममा क्रमशः, कृ.पा.उ., अर्कोपट्टि १, २, ३.. इत्यादि लेख्ने प्रचलन रहेको छ । सङ्केत प्रश्न नभएका प्रतिनिधि प्रश्नपत्रको अवस्था निम्नानुसारको देखिन्छ :

- पथरीशनिश्चरे , बेलबारी र सुन्दरहरैँचा तीनवटै नगरपालिकाका प्रश्नहरूमा पाना नं., कृपाउ, अर्कोपट्टि जस्ता सङ्केतहरू उल्लेख गरिएको छैन ।
- पथरीशनिश्चरे र बेलबारी नगरपालिकाको प्रश्नमा क्रमशः लेखिएको छैन भने सुन्दरहरैँचाको प्रश्नमा क्रमशः लेखिएको छ ।
- तीनओटै नगरपालिकाका प्रश्नहरूको अन्त्यमा प्रश्न समाप्त भएको जानकारी दिन समाप्त लेखिएको छ ।

### ४.१.१.६ कागज

प्रश्नपत्रको स्वरूपलाई कागजको स्तरको पनि प्रभावित गर्छ । सादा र रङ्गीन जुनसुकै उपयुक्त हुनेभए पनि रङ्गीन कागज प्रयोग गर्दा अक्षरलाई बढी आकर्षित र सुन्दर बनाउन मद्दत गर्ने रङको प्रयोग गर्नुपर्दछ । यस आधारमा हेर्दा तीन ओटै नगरपालिकाको प्रश्नपत्रहरू सेतो कागजमा कालो रङको प्रयोग गरी छपाइएको छ ।  पथरीशनिश्चरे नगरपालिकाको प्रश्न पातलो कागजमा छापिएको छ भने बेलबारी नगरपालिकाको प्रश्न पनि पातलो कागजमा छापिएकोछ तर सुन्दरहरैचा नगरपालिकाको प्रश्नपत्र चाहिँ बाक्लो कागजमा छापिएको छ । यसरी तीन ओटै नगरपालिकाको प्रश्नपत्रको कागजमध्ये सुन्दरहरैँचा नगरपालिकाको उपयुक्त देखिन्छ ।

### ४.१.१.७ छपाइ र सफाइ

परीक्षा सञ्चालन गर्नुपूर्व प्रश्नपत्रहरूको सङ्कलन गरी प्रश्नपत्रको छपाइ तथा प्याकिङ् गर्नुपर्छ । प्रश्नपत्रहरू छपाइका क्रममा अक्षरको उपयुक्त आकार, अनुच्छेद तथा वाक्यबीचको फरक प्रश्न नं. इत्यादिको सेटिङ पढ्न सहज र छिटो हुने गरी गर्नुपर्दछ । समूह, उपसमूह इत्यादि भए त्यसमा सहजै देखिने गरी राखिनु पर्दछ । त्यसैगरी प्रश्नपत्रमा उपयुक्त किनारा (कम्तिमा चारैतिर २ से.मि.) छोडिएको हुनुपर्ने भए तापनि अध्ययनमा उपयोग गरिएका प्रश्नपत्रहरू १.५ से.मि. मात्र छोडेका कारण त्यस्तो सचेतता अपनाएको पाइँदैन ।

### ४.१.२ निर्देशन

परीक्षाका लागि प्रश्नपत्र तयार गरी एकत्रित वा सङ्गठित गर्ने कार्यका लागि परीक्षाको स्पष्ट निर्देशनहरू तयार गर्नु आवश्यक छ । परीक्षाको निर्देशन तयार गर्दा

परीक्षाको उद्देश्य, उत्तरका लागि समय, उत्तरका आधार र उत्तर दिने तरिका प्रश्नपत्रमा उल्लिखित हुनुपर्छ । निर्देशन अस्पष्ट र अशुद्ध महत्त्वकाङ्क्षी, दोहोरो अर्थ लाग्ने खालको, जटिल भयोभने प्रश्न एवम् परीक्षणीय उद्देश्यहरू नै निरर्थक हुन्छन् । त्यसैले निर्देशन सरल, स्पष्ट, शुद्ध र वस्तुगत हुनु जरुरी हुन्छ । यसका साथै प्रश्न सङ्केत, निर्देशक चिह्न, पृष्ठ निर्देशन, अङ्क निर्देशन,विकल्प निर्देशन आदिले प्रश्नलाई स्पष्ट आकर्षक र उद्देश्यमूलक बनाउन भूमिका खेल्ने भएकाले यस्ता पक्षमा ध्यान पुर्‍याउनु अपरिहार्य हुन्छ । त्यसैले प्रश्नपत्रमा निर्देशनको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । यस आधारमा प्रतिनिधि प्रश्नपत्रहरूको अध्ययनमा निम्नानुसारको स्थिति देखिन्छ :

### ४.१.२.१ शीर्ष निर्देशन

प्रश्नपत्रको शीर्ष भागमा रहने समग्र प्रश्नहरूको मूल निर्देशन नै शीर्ष निर्देशन हो । प्रंश्नको प्रकृति र समय सीमा अनुसार निर्देशन सरल र वस्तुनिष्ठ तरिकाले प्रस्तुत गरिनु पर्छ । यस दृष्टिले हेर्दा वि.सं. २०७४ सालमा सोधिएका नगरस्तरीय प्रश्नपत्रमा पथरीशनिश्चरे नगरपालिकाले शीर्ष निर्देशनमा तलका सबै प्रश्नको उत्तर दिनुहोस् भनेको छ ।बेलबारी नगरपालिकाको प्रश्नपत्रमा त्यस्तो कुनै शीर्ष निर्देशन दिइएको छैन । त्यसैगरी सुन्दरहरैँचा नगरपालिकाको प्रश्नपत्रमा परीक्षार्थीले दिइएको निर्देशनका आधारमा मौलिक एवम् रचनात्मक उत्तर दिनुपर्नेछ भनी शीर्ष निर्देशन दिइएको छ ।

### ४.२.२.२ प्रश्न निर्देशन

प्रश्न निर्देशनले प्रश्नको आशय उद्देश्य प्रक्रिया तथा सीमाहरू निर्धारण गरेको हुन्छ । प्रश्नपत्रलाई बोध स्पष्ट उद्देश्यपूर्ण सरल एवम् प्रभावकारी तुल्याउन प्रश्न निर्देशन आवश्यक हुन्छ । एउटा प्रश्नभित्र उप-प्रश्नहरू रहने स्थितिमा त निर्देशन झन् अनिवार्य हुन्छ । निर्देशन नभएको प्रश्न अस्पष्ट अन्योलपूर्ण र अवैध समेत हुन्छ । प्रश्नपत्रको उत्तर लामो वा छोटो कस्तो लेख्ने उप-प्रश्न भए कति ओटा प्रश्नको उत्तर दिने भन्ने कुरा निर्देशनमा स्पष्ट हुनुपर्दछ । यस आधारमा हेर्दा सङ्कलन गरिएका प्रतिनिधि प्रश्नहरूको स्थिति सन्तोषजनक नै छ । सबै नगरपालिकाको प्रतिनिधि प्रश्नपत्रमा स्पष्ट निर्देशन दिइएको देखिन्छ ।

### ४.२.२.३ विकल्प निर्देशन

भाषाका प्रश्नपत्रमा विकल्प सहितका प्रश्नहरू राख्नु आफैमा राम्रो मानिदैंन । यद्यपि परीक्षार्थीलाई सहज होस् भनी विकल्पसहित प्रश्नहरू बनाउने प्रचलन अद्यापि छदैछ । विकल्प निर्देशनलाई स्पष्ट पार्न पहिलो प्रश्नको अन्त्य पछि दोस्रो पङ्क्ति स्पष्ट देखिने गरी लेखेर मात्र विकल्प प्रश्न लेख्ने अवस्था मिलाउनु पर्छ । अङ्क वा अक्षरमा दिइने विकल्पमा एकरूपता हुनुपर्छ । यी आधारमा हेर्दा प्रतिनिधि प्रश्नहरूमा निम्न व्यवस्था पाइन्छ :

क) पथरीशनिश्चरे : ५ ओटा प्रश्नमा विकल्प दिइएको

ख) बेलबारी : ५ ओटा प्रश्नमा विकल्प दिइएको

ग) सुन्दरहरैंचा : ४ ओटा प्रश्नमा विकल्प दिइएको

यसरी हेर्दा तीन ओटै प्रश्नपत्रमा विकल्प दिइएको छ ।

### ४.२.२.४ पृष्ठ निर्देशन

पृष्ठ भनेको पाना हो । भाषाको प्रश्नपत्रहरू केही लामा नै हुने भएकाले एउटा पृष्ठमा अटाउन नसक्लान् । यस्तो अवस्थामा एकभन्दा बढी पृष्ठ गर्नु पर्ने हुन्छ । अर्को पृष्ठमा पनि छ भनी जानकारी दिनु पृष्ठ निर्देशन हो । यसबाट परीक्षार्थी र परीक्षक दुवै झुक्किने सम्भावनाबाट मुक्त हुन्छन् । पृष्ठ निर्देशन गर्ने क्रममा क्रमशः, कृ.पा.उ. अर्को पट्टि १, २, ३ आदि जस्ता लेख्ने प्रचलन पाइन्छ । प्रश्नपत्रमा कुनै पाना छुट भएको अगाडि गर्नु पर्ने काम बाँकी भएको कुराले अग्रिम जानकारी लिनु महत्त्वपूर्ण मानिन्छ । त्यसैगरी प्रश्न समाप्त भएको सङ्केत पाउनका लागि समेत पृष्ठ निर्देशन अनिवार्य र महत्त्वपूर्ण मानिन्छ । उक्त आधारमा सङ्कलन गरिएका प्रश्नहरूको स्थिति निम्नानुसार देखिन्छ :

क) पथरीशनिश्चरे नगरपालिकाको प्रश्नपत्रको पृष्ठहरूमा केही उल्लेख नगरिएको तर अन्त्यमा समाप्त उल्लेख गरिएको छ ।

ख) बेलबारी नगरपालिकाको प्रश्नपत्रको पृष्ठमा केही उल्लेख नगरिएको अन्त्यमा समाप्त उल्लेख गरिएको छ ।

ग) सुन्दरहरैँचा नगरपालिकाको प्रश्नपत्रको पृष्ठमा पनि केही कुरा उल्लेख नगरिएको अन्त्यमा समाप्त नै उल्लेख गरिएको छ ।

यसरी हेर्दा तीन ओटै नगरपालिकाले पृष्ठ निर्देशनलाई वेवास्ता गरेको देखिन्छ । यसबाट परीक्षार्थी र परीक्षकलाई कुनै विषय छुट्यो कि भन्ने शङ्का हुने प्रश्न नम्बरको क्रमिकतालाई हेर्न झन्झट हुन्छ । अन्त्यमा आएर तीन ओटै नगरपालिकाले अन्त्य भएको भनी निर्देशन दिएका छन् ।

### ४.२.२.५ समय निर्देशन

प्रश्नपत्रको शीर्ष भागमा नै प्रश्नपत्रको उत्तर दिइनुपर्ने हो । त्यसको निर्देशन दिइनु पर्दछ । बेग्लाबेग्लै प्रकृति(विषयगत, वस्तुगत) का प्रश्नका लागि बेग्लाबेग्लै समय निर्देशन गर्नु आवश्यक छ । समय निर्देशनले निश्चित समय सीमाभित्र प्रश्नको उत्तर दिन परीक्षार्थीलाई महत्त्वपूर्ण आधार प्रदान गर्दछ । यसबारे अगाडि तालिका नं. १ मा उल्लेख गरिएको छ ।

### ४.२.२.६ अङ्क निर्देशन

प्रश्नपत्रको शीर्ष भागमा पूर्णाङ्क र उत्तीर्णाङ्कको अङ्क निर्देशन गर्नु आवश्यक हुन्छ । यस अध्ययनमा उपयोग गरिएका प्रश्नपत्रमा उल्लेखित पूर्णाङ्क उत्तीर्णाङ्क तथा समयलाई तालिका नं. १ मा उल्लेख गरी सकिएको छ पूर्णाङ्कका आधारमा नै प्रश्नपत्रमा प्रश्नको वितरण र अङ्क मुल्य निर्देशन गर्नु आवश्यक हुन्छ । प्रश्नको उपयुक्ततालाई मध्यनजर गरी हरेक प्रश्नको उत्तर दिए वापत पाउने अङ्कको सङ्केत गर्नुपर्दछ जसले गर्दा परीक्षार्थीलाई प्रश्नको मूल्य अनुसार समयमा सीमामा बाँधिएर उत्तर दिन सजिलो हुन्छ । समयलाई व्यवस्थापन गरी योजनाबद्ध ढङ्गले परीक्षा दिएमा मात्र परीक्षार्थीले राम्रो अङ्क प्राप्त गर्दछन् । उक्त आधारमा प्रतिनिधि प्रश्नपत्रको अङ्क निर्देशन यस प्रकार छ :

तालिका नं. २

अङ्क निर्देशन

| क्र. सं. | नगरपालिका | प्र. सं. | पू. | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ | १४ | १५ | १६ | १७ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | पथरीशनिश्चरे | १७ | ७५ | ३ | ३ | ४ | ४ | ३ | १ | ३ | ४ | ४ | ५ | ५ | ४ | ४ | ८ | ४ | ८ | ८ |
| २ | बेलबारी | १७ | ७५ | ३ | ३ | ४ | ४ | ३ | १ | ३ | ४ | ४ | ५ | ५ | ४ | ४ | ८ | ५ | ८ | ८ |
| ३ | सुन्दरहरैँचा | १७ | ७५ | ३ | ३ | ४ | ४ | ३ | १ | ३ | ४ | ४ | ५ | ५ | ४ | ४ | ८ | ४ | ८ | ८ |

स्रोत : पथरीशनिश्चरे, बेलबारी र सुन्दरहरैँचा न.पा.का सक्कल प्रश्नपत्र

यसरी माथिको तालिकालाई अध्ययन गर्दा पथरीशनिश्चरे, बेलबारी र सुन्दरहरैँचा नगरपालिकाले जम्मा १७ ओटा प्रश्न सङ्ख्या समान छन् । पूर्णाङ्क भने पथरीशनिश्चरे, बेलबारी, सुन्दरहरैँचा ७५ छ भने बेलबारीको ७६ देखिन्छ । बेलबारी नगरपालिकाको प्रश्नको उपशीर्ष भागमा पूर्णाङ्क ७५ उल्लेख गरेतापनि प्रश्नमा दिइएको अङ्क जोड्दा ७६ हुने देखिन्छ । यस हिसावले अङ्क निर्देशनमा बेलबारी नगरपालिकाको गम्भीर त्रुटि रहेको देखिन्छ । पथरीशनिश्चरे र सुन्दरहरैँचा नगरपालिकाका प्रश्नको क्र.सं. अनुसार प्राप्ताङ्कमा समानता पाउन बेलबारी नगरपालिकाको प्रश्न नं. १५ बाहेक अरु प्रश्नमा समानता छ । सोही प्रश्नमा प्राप्ताङ्क अन्य जिल्लाको प्रश्नमा भन्दा १ अङ्क बढी भएकाले त्रुटि हुन गएको देखिन्छ हरेक प्रश्नको उत्तर दिएबापत् कति अङ्क पाउने भन्ने कुराको सङ्केत पूर्णाङ्क अनुसारनै विभाजन भएको छ ।

### ४.२.३ अङ्क विभाजन र समय निर्धारण

अङ्क र समयको सन्तुलन नमिलेका प्रश्नहरूले प्रश्नपत्रको बाह्य वैधतामा आँच पुऱ्याउने हुँदा प्रश्नपत्रमा अङ्क र समय निर्धारण स्पष्ट रूपमा निर्धारण गर्नु आवश्यक हुन्छ । अङ्क र समयको असन्तुलनले उत्तर दिइएको सघनता र सङ्गठनमा परीक्षार्थीहरूलाई प्रत्यक्ष रूपमा प्रभावित पार्न सक्छ । यिनको सन्तुलन नभएमा विद्यार्थीहरूको मापनमा समेत वाधा पुग्दछ । प्रश्नपत्रको प्रकृति, कठिनाइ स्तर उत्तरको आकार आदि कुराका आधारमा अङ्क र समय निर्धारण गर्नुपर्ने हुन्छ । विवेचनात्मक किसिमका र सिर्जनात्मक खालका प्रश्नका उत्तरका लागि बढी समय खर्चिनुपर्ने भएकाले त्यस्ता प्रश्नका लागि बढी अङ्क राख्नु पर्ने हुन्छ । पहिचानात्मक र वस्तुगत प्रकृतिका छोटा

उत्तर आउने प्रश्नका लागि कम अङ्क र समय निर्धारण गर्नु उचित हुन्छ । प्रतिनिधि प्रश्नपत्रहरूमा उल्लिखित गरिएको समय र निर्देशन गरिएको पूर्णाङ्कको अनुपातलाई तलको तालिकामा प्रस्तुत गरिएको छ :

तालिका नं. ३

अङ्क विभाजन र समय निर्धारण

| नगरपालिका | पूर्णाङ्क | समय | अनुपात |
|---|---|---|---|
| पथरीशनिश्चरे | ७५ | २ घण्टा १५ मिनेट | १.८ मिनेट |
| बेलबारी | ७५ | २ घण्टा १५ मिनेट | १.८ मिनेट |
| सुन्दरहरैँचा | ७५ | २ घण्टा १५ मिनेट | १.८ मिनेट |

स्रोत : पथरीशनिश्चरे, बेलबारी र सुन्दरहरैँचाका सक्कल प्रश्नपत्रहरू

माथिको तालिकालाई हेर्दा पथरीशनिश्चरे, बेलबारी, सुन्दरहरैचा तीन ओटै नगरपालिकाका प्रश्नपत्रको पूर्णाङ्क ७५ भएको र तीन ओटै प्रश्नपत्रको २ घण्टा १५ मिनेट समय वितरण भएकाले प्रति प्रश्नका लागि परीक्षार्थीले उत्तर दिन १.८ मिनेट समय खर्चिनु पर्ने अवस्था छ । यसरी तीन ओटै नगरपालिकाका पूर्णाङ्क, समय, उत्तर दिनुपर्ने अनुपात समय एकै किसिमको देखिन आएको छ ।

### ४.२.४ प्रस्तुति र अनुक्रम

प्रश्नपत्रमा विद्यार्थीहरूलाई परीक्षणका लागि तयार गरिएका प्रश्नहरूको रखाइको क्रमनै प्रस्तुति अनुक्रम हो । एउटा असल प्रश्नपत्रमा प्रश्नहरूको प्रस्तुतिर अनुक्रमले ठूलो भूमिका खेलेको हुन्छ । प्रश्नहरू विभिन्न प्रकृतिका हुन्छन् । जस्तै शब्दार्थ, शब्द पहिचान, वाक्यमा प्रयोग,सारांश  लेखन, शब्दवर्ग, काल पक्ष र अर्थ (भाव) पदसङ्गति, वाच्य परिवर्तन र वाक्य निर्माण, कारक र विभक्ति, बोध प्रश्न, संवाद लेखन, कथा लेखन, निबन्ध लेखन, सङक्षिप्त उत्तरात्मक  प्रश्नको रखाइ सरलबाट जटिलतातिरको अनुक्रममा हुनु आवश्यक छ । पथरीशनिश्चरे, बेलबारी र सुन्दरहरैँचा नगरपालिकाका प्रश्नपत्रमा वितरण गरिएको प्रश्नहरूको प्रस्तुति अनुक्रमलाई तलको तालिकामा निम्नानुसार प्रस्तुत गरिएको छ :

तालिका नं. ४

प्रश्नहरूको प्रस्तुति अनुक्रम

| पथरीशनिश्चरे | | वेलबारी | | सुन्दरहरैँचा | |
|---|---|---|---|---|---|
| प्र.नं. | प्रश्नका प्रकार | प्र.नं. | प्रश्नका प्रकार | प्र.नं. | प्रश्नका प्रकार |
| १ | शब्दार्थ | १ | शब्दार्थ | १ | शब्दार्थ |
| २ | शब्द पहिचान | २ | शब्द पहिचान | २ | शब्द पहिचान |
| ३ | वाक्य निर्माण | ३ | वाक्य निर्माण | ३ | वाक्य निर्माण |
| ४ | शुद्धीकरण | ४ | शुद्धीकरण | ४ | शुद्धीकरण |
| ५ | पदवर्ग छुट्याउने | ५ | पदवर्ग छुट्याउने | ५ | पदवर्ग छुट्याउने |
| ६ | कारक छुट्याउने | ६ | कारक छुट्याउने | ६ | कारक छुट्याउने |
| ७ | काल पक्ष र भाव | ७ | काल पक्ष र भाव | ७ | काल पक्ष र भाव |
| ८ | वाक्य परिवर्तन | ८ | वाक्य परिवर्तन | ८ | वाक्य परिवर्तन |
| ९ | वाक्य रचना - वर्णन | ९ | वाक्य रचना - वर्णन | ९ | वाक्य रचना - वर्णन |
| १० | बोध प्रश्नोत्तर | १० | बोध प्रश्नोत्तर | १० | बोध प्रश्नोत्तर |
| ११ | बुँदा टिपोट र सारांश लेखन | ११ | बुँदा टिपोट र सारांश लेखन | ११ | बुँदा टिपोट र सारांश लेखन |
| १२ | कथा वा वादविवाद | १२ | कथा वा चिठी लेखन | १२ | वादविवाद |
| १३ | भाव विस्तार | १३ | भाव विस्तार | १३ | भाव विस्तार |
| १४ | सङक्षिप्त उत्तर | १४ | सङक्षिप्त उत्तर | १४ | सङक्षिप्त उत्तर |
| १५ | तार्किक शिल्प | १५ | तार्किक शिल्प | १५ | तार्किक शिल्प |
| १६ | विवेचनात्मक उत्तर | १६ | विवेचनात्मक उत्तर | १६ | विवेचनात्मक उत्तर |
| १७ | निबन्ध लेखन | १७ | निबन्ध लेखन | १७ | निबन्ध लेखन |

स्रोत : पथरीशनिश्चरे, बेलबारी र सुन्दरहरैँचाका सक्कल प्रश्नपत्रहरू

यसरी प्रतिनिधि प्रश्नहरूलाई अध्ययन गर्दा प्रस्तुति अनुक्रममा पथरीशनिश्चरे, बेलबारी, सुन्दरहरैँचा तीनै नगरपालिकाका प्रश्नपत्रहरूमा लगभग पूर्ण रूपमा समानता

रहेको पाइन्छ । तीन ओटै नगरपालिकाले २०६९ को विशिष्टीकरण तालिका अनुसार नै प्रश्नपत्र तयार गरेको पाइन्छ । तिनओटै जिल्लाका प्रश्नपत्रमा प्रश्न रखाइक्रममा समान ढङ्गले गरिएको छ ।

### ४.२.५ भाषा

प्रश्नपत्रको भाषा अत्यन्तै महत्त्वपूर्ण हुन्छ । यदि भाषामा एउटै मात्र वर्ण वा अक्षर छुट्यो वा बढी भयो भने अर्थको अनर्थ हुनसक्छ । तसर्थ प्रश्नपत्रहरूमा वर्णविन्यास पदयोग र पदवियोग तथा लोपगत त्रुटिहरू हुन सक्छ । प्रतिनिधि प्रश्ननपत्रको यस्ता केही त्रुटिहरू निम्नानुसार चर्चा गरिएको छ :

#### ४.२.५.१ वर्णविन्यासससम्बन्धी त्रुटि

वर्णविन्यासससम्बन्धी त्रुटिलाई वर्णविन्यास्/हिज्जे वर्तनीगत त्रुटिका रूपमा लिइन्छ । यस अन्तर्गत ह्रस्व-दीर्घसम्बन्धी, शिरबिन्दु-चन्द्रबिन्दुसम्बन्धी त्रुटिलाई लिइएको छ । तिनलाई तलको तालिकामा देखाइएको छ :

तालिका नं. ५

वर्णविन्यासससम्बन्धी त्रुटि

| नगरपालिका | प्र.नं. | ह्रस्व-दीर्घसम्बन्धी त्रुटि | हुनुपर्ने | प्र.नं. | शिरबिन्दु-चन्द्रबिन्दु सम्बन्धी त्रुटि | हुनुपर्ने |
|---|---|---|---|---|---|---|
| पथरीशनिश्चरे | १२ | ठुला | ठूला | | | - |
| बेलबारी | १ | दुरदर्शन | दूरदर्शन | ३ | जुगा | जुँगा |
| | ६ | पढि | पढी | | | |
| | ७ ग | सवै | सबै | | | |
| | १० | सम्वन्धित | सम्बन्धित | | | |
| | ११ | फेरी | फेरि | | | |
| | १२ | दुइ | दुई | | | |
| | १४ | रविन्द्रनाथ | रवीन्द्रनाथ | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | १७ | निवन्ध | निबन्ध | | | |
| सुन्दरहरैँचा | १ | समुह | समूह | | | |
| | १० | वृहस्पति | बृहस्पति | | | |
| | १२ | शिर्षक | शीर्षक | | | |
| | १२ | तर्कहरू | तर्कहरू | | | |

स्रोत : पथरीशनिश्चरे, बेलबारी र सुन्दरहरैँचाका सक्कल प्रश्नपत्रहरू

यसरी माथिका तालिकालाई हेर्दा सबैभन्दा बढी वर्णविन्यासमम्बन्धी त्रुटि तुलनात्मक रूपमा बेलबारी नगरपालिकाले गरेको देखिन्छ । शिरबिन्दु तथा चन्द्रबिन्दु सम्बन्धी त्रुटि बेलबारी नगरपालिकाको प्रश्नपत्रमा मात्र रहेको छ । आधारभूत किसिमका त्रुटिहरूले प्रश्नपत्रकोविश्वसनीयतामा समेत आघात पुऱ्याएको देखिन्छ ।

## ४.२.५.२ पदयोग र पदवियोग सम्बन्धी त्रुटि

एउटै डिकोमा लेख्नु पर्ने पदलाई फरक फरक डिकोमा लेख्नु र फरक फरक डिकोमा लेख्नुपर्ने पदलाई एउटै डिकोमा लेख्नु नै पदयोग-वियोग सम्बन्धी त्रुटि हो । प्रतिनिधि प्रश्नपत्रमा भएका पदयोग-वियोग सम्बन्धी त्रुटिहरूलाई तल तालिकामा प्रस्तुत गरिएको छ :

तालिका नं. ६

पदयोग-वियोग सम्बन्धी त्रुटि

| नगर | प्र.सं. | पदयोग वियोग सम्बन्धी त्रुटि | हुनुपर्ने |
|---|---|---|---|
| पथरी | १० | विषय वस्तु | विषयवस्तु |
| | १२ | बादर सँगै | बादरसँगै |
| बेलबारी | १२ | श्रीमती सँग | श्रीमतीसँग |
| सुन्दरहरैँचा | ११ | रेडियो देखि | रेडियोदेखि |

स्रोत : पथरीशनिश्चरे, बेलबारी र सुन्दरहरैँचा नगरपालिकाका सक्कल प्रश्नपत्रहरू

## ४.२.५.३ वर्ण तथा अक्षर लोपसम्बन्धी त्रुटि

लेखाइका क्रममा कुनै अक्षर दोहोरिने र कुनै अक्षर लोप हुने अवस्था रहन्छ। वर्णहरूको लोप तथा थपोटले अर्थको अनर्थ लाग्ने हुँदा उत्तरमा असर पर्ने गर्दछ। त्यसैले प्रश्न निर्माण गर्दा प्रश्न निर्माता एवम् भाषा शिक्षक अत्यन्त सचेत हुनुपर्दछ। प्रतिनिधि प्रश्नपत्रमा वर्ण अक्षर लोप थपोटगत त्रुटिको अवस्था यसप्रकार छ :

तालिका नं. ७

वर्ण तथा अक्षर लोपसम्बन्धी त्रुटि

| नगरपालिका | प्र.सं. | वर्ण तथा अक्षरसम्बन्धी त्रुटि | हुनुपर्ने |
|---|---|---|---|
| पथरीशनिश्चरे | ११ | जगत्मा | जगत्‌मा |
| बेलबारी | १ | लेख्नुहोस | लेख्नुहोस् |
| | १ | स्वतनत्रता | स्वतन्त्रता |
| | ७ | छुट्याउनुहो | छुट्याउनुहोस् |
| | १० | शाब्दकोश | शब्दकोश |
| | १० | महत्व | महत्त्व |
| | १० | कम्जोरी | कमजोरी |
| | १० | नवीनतम | नवीनतम् |
| | १६ | महान | महान् |
| सुन्दरहरैंचा | ५ | छुट्टयाउनुहोस् | छुट्याउनुहोस् |
| | १० | महत्वपूर्ण | महत्त्वपूर्ण |

स्रोत : पथरीशनिश्चरे, बेलबारी र सुन्दरहरैंचाका सक्कल प्रश्नपत्रहरू:

माथिको तालिकालाई हेर्दा बेलबारी नगरपालिकाको प्रश्नपत्रमा सबैभन्दा बढी वर्ण/अक्षर लोप थपोट सम्बन्धी त्रुटि देखिन्छन्। भाषा विषयमा सङ्केत चिन्हको प्रयोगले पनि विशेष महत्त्व राख्ने हुँदा चिन्ह प्रयोग समेत सचेतता अपनाउनु पर्ने देखिन्छ।

## ४.३ आन्तरिक आधारमा प्रश्नपत्रहरूको तुलनात्मक विश्लेषण

प्रश्नपत्रको निर्माण कार्यमा विभिन्न पक्षहरू पाठ्यक्रम पाठ्यपुस्तक र विशिष्टीकरण तालिकाले महत्त्वपूर्ण भूमिका खेलेका हुन्छन् । यिनै पक्षहरूका आधारमा प्रश्नपत्रहरू निर्माण हुने गर्दछन् । प्रश्नपत्रलाई केवल रूपविधानको आधारमा मात्र अध्ययन गरेर यसको सही र तथ्यपूर्ण विश्लेषण हुन सक्दैन प्रश्नपत्रको प्रकृति हेरेर यसको मूल्याङ्कन गर्नु भनेको कुनै पुस्तकको बाहय पृष्ठका आधारमा गहिराइसम्म नपुगी त्यसको वास्तविकताको निक्यौंल गर्न खोज्नु हो । यसबाट एउटा कोरा अनुमान मात्र हुन्छ, तथ्य आउँदैन ।

प्रश्नपत्रको वास्तविक स्वरूप त्यसको आन्तरिक वैधताले निर्धारण गर्दछ । कतिपय अवस्थामा बाह्य स्वरूपले आन्तरिक स्वरूपलाई प्रभावित गर्छ तर बाह्य वैधतालाई प्रश्नपत्रको औपचारिक तत्त्वको रूपमा मान्न सकिन्छ । प्रश्नपत्रको आन्तरिक बनोटले परीक्षाको दिशा निर्धारण गर्दछ । अतः कुनै पनि प्रश्नको उद्देश्यपरकता, प्रक्रियागत प्रभावकारिता, स्तरयुक्तता तथाउपयुक्तताको लेखाजोखा प्रश्नपत्रको आन्तरिक बनोटको अध्ययनबाट निक्यौल गर्न सकिन्छ।

प्रश्नपत्र निर्माणका लागि आधार मानिने आन्तरिक आधारहरूबीच प्रश्नपत्रको उपयुक्तता पत्ता लगाउन सकिन्छ । यहाँ आन्तरिक आधारमा प्रश्नपत्र निर्माण विश्लेषणका लागि निम्न लिखित आधारहरू तय गरिएका छन् :

### ४.३.१ पाठ्यक्रमका आधारमा

प्रश्नपत्र विद्यार्थीको शैक्षिक उपलब्धि मापनको एक महत्त्वपूर्ण साधन हो । शिक्षण सिकाइ कार्यकलाप पछि विद्यार्थीले पाठ्यक्रमले निर्धारण गरेका शैक्षिक उद्देश्यहरू के कति हासिल गर्न सक्षम भए भनी प्रश्नपत्रका माध्यमबाट मापन गरिन्छ । प्रश्नपत्रले उद्देश्यको मूल्याङ्कन गर्न सक्नुपर्दछ । प्रस्तुत अध्याय चारमा प्रश्नपत्रलाई कक्षा आठको नेपाली विषयको पाठ्यक्रमसँग तुलना गर्दै प्रश्नपत्रको उपयुक्ततालाई विश्लेषण गरिएको छ । पाठ्यक्रम शैक्षिक क्षेत्रको एक वृहत अवधारणा हो । यसले समग्र शैक्षिक प्रणालीलाई मार्ग निर्देशन गरेको हुन्छ । यहाँ प्रश्नपत्रलाई निम्न आधारमा विश्लेषण गरिएको छ :

### ४.३.२ भाषिक सीपगत आधारमा प्रश्नपत्रको वितरण

भाषा शिक्षण भनेको भाषिक सीपहरूको शिक्षण हो । भाषाका चार वटा सीपहरूको शिक्षण भाषा शिक्षणमा गरिन्छ । यसरी प्रश्नपत्रमा मूल्याङ्कनका साधनहरू वितरण गर्दा परीक्षार्थीको भाषिक सीपको क्षमता तथास्तर मापन गर्ने प्रकृतिका साधनहरू समावेश गर्न सकेमा मात्र नेपाली विषय शिक्षणको निर्दिष्ट उद्देश्य हासिल हुन्छ । प्रश्नपत्रमा भाषिक सीपहरूको उपयुक्त संयोजन गरेमा त्यो प्रश्नपत्र बढी बैध हुन्छन् । भाषिक सीप अन्तर्गत सुनाइ सीप, बोलाइ सीप, पढाइ सीप, लेखाइ सीप व्याकरणिक ज्ञान र शब्दभण्डारको प्रयोगसँग सम्बन्धित क्षमता परीक्षण गर्ने उद्देश्यअनुरूप परीक्षणको साधन निर्माण गरिनु पर्दछ ।

#### ४.३.२.१ सुनाइ सीप

भाषिक सीप विकासको प्रथम चरण सुनाइ हो । सुनाइ बिना बोलाइ, पढाइ र लेखाइ सीप विकास गर्न सकिदैन । भाषा शिक्षणको क्रममा विद्यार्थीको अधिकांश समय पनि सुनाइमा नै बित्दछ, सुनाइ सीप विकास भएको नभएको हेर्न प्रश्नोत्तर, व्याख्या आदिबाट मूल्याङ्कन गरिन्छ । सुनाइ सीप क्रमिक रूपमा हासिल गर्ने प्रक्रियाको रूपमा देखा पर्छ विद्यार्थीहरूको उमेरगत क्षमताअनुसार यस सीपको अभिवृद्धि गर्दै अघि बढ्नु पर्दछ ।

आधारभूत तहको नेपाली विषयको पाठ्यक्रम २०६९ मा सुनाइ सीपको परीक्षण कक्षागत परीक्षणको अङ्गका रूपमा हुने प्रावधान छ । अर्कोतर्फ भाषिक सीपहरू पृथ्कीकृत किसिमका नभएर एकीकृत किसिमका हुनाले सुनाइ, बोलाइ, पढाइ र लेखाइ सीप एकीकृत रूपमा नै अध्ययन गर्नुपर्ने हुन्छ । प्रतिनिधि नगरपालिकाका प्रश्नहरूले स्वयम्ले चाहिँ सुनाइ सीपलाई समेटेको देखिँदैन ।

#### ४.३.२.२ बोलाइ सीप

बोलाइ सुनाइपछि प्राप्त हुने दोस्रो महत्त्वपूर्ण सीप हो । सुनाइपछि विद्यार्थीहरूले सवैभन्दा बढी समय बोलाइमा खर्च गर्छन । कक्षामा बोलाइ सीप राम्रो भएको विद्यार्थी भाषिक क्रियाकलापमा धेरै सहभागी बन्दछन् । आधारभूत तहको नेपाली विषयको पाठ्यक्रममा बोलाइ सीपको मूल्याङ्कन कक्षागत रूपमानै गर्ने प्रावधान छ ।

### ४.३.२.३ पढाइ सीप

भाषिक सीप विकासका चार सीपहरूमध्ये पढाइ पनि महत्त्वपूर्ण सीप हो । लिखित सामग्रीको वाचन गर्दा गति, यति,आरोह, अवरोह आघात हाउभाउ र स्तरीय अभ्यासकालागि वाचन आवश्यक हुन्छ । बोलाइका लागि संवाद, वादविवाद, नाटक, कविता वाचन आवश्यक हुन्छ । बोलाइका लागि संवाद, वादविवाद, नाटक कविता जस्ता विधाहरू बढी उपायोगी हुन्छन् । आधारभूत तहको पाठ्यक्रम २०६९ मा पढाइ सीप विकासका लागि कथा, प्रबन्ध, निबन्ध रूपक जीवनी विधाको उपयोग गर्न सकिने कुरा उल्लिखित छ । पढाइ सीप अन्तर्गत बोध क्षेत्र र सारांश लेखन क्षेत्रसँग सम्बन्धित हुने गरी गद्यविधाबाट १० अङ्कभार अर्थात कुल पूर्णाङ्कको १० प्रतिशत वितरण गरी प्रश्नहरू समावेश गर्नुपर्ने प्रावधान पाठ्यक्रमले निर्धारण गरेको छ । पढाइ सीपकालागि प्रतिनिधि नगरपालिकाका प्रश्नपत्रमा गरिएको अङ्कभारको वितरण तलको तालिकाका देखाइएको छ :

तालिका नं. ८

पढाइ सीपका लागि अङ्कभार वितरण

| नगर | बोध क्षेत्रको अङ्कभार | सारांश क्षेत्रको अङ्कभार | प्र.नं. |
|---|---|---|---|
| पथरीशनिश्चरे | ५ | ५ | ११ |
| बेलबारी | ५ | ५ | ११ |
| सुन्दरहरैँचा | ५ | ५ | ११ |

सबै प्रतिनिधि नगरपालिकाले पाठ्यक्रमको निर्देशन पालना गरी पढाइ सीपका लागि बराबर भएका बोध तथा सारांश लेखनका लागि अङ्कभार छुट्याएकाछन् ।

### ४.३.२.४ लेखाइ सीप

भाषाका चार सीपहरूमध्ये अन्य तीन सीपहरूको प्राप्ति पछि लेखाइ सीप प्राप्त हुन्छ । अन्य सीपहरू अल्पकालीन हुन्छन् तर लेखाइ दीर्घकालीन र चीरस्थायी हुन्छ । मानवीय विचारलाई अनन्त कालसम्म सुरक्षित पार्ने काम लेखाइले गर्दछ ।

आधारभूत तहमा लेखाइले भाषिक अनुभवलाई समेटेर गर्ने कार्य गर्दछ । परीक्षार्थीको रचनात्मक अभिव्यक्तिको मूल्याङ्कन गर्न लेखाइ सीपका लागि आधारभूत तहको पाठ्यक्रम २०६९ ले १२ प्रतिशत अङ्कभार छुट्याएको छ । यसका लागि कथा, जीवनी वा वादविवाद, संवाद, चिठी र निबन्ध विधाहरू कायम गरी सिफारिस गरिएको छ । कथा, जीवनी वा वादविवाद, संवाद, चिठी लेखनका लागि ४ अङ्क र निबन्ध लेखनका लागि ८ अङ्क वितरण पाठ्यक्रमले गरेको छ । लेखाइ सीपका लागि प्रतिनिधि प्रश्नपत्रमा गरिएको अङ्कभारको वितरण तलको तालिकामा देखाइएको छ :

तालिका नं. ९

लेखाइ सीपका लागि अङ्कभार वितरण

| नगरपालिका | विधा र अङ्कभार | | | | |
|---|---|---|---|---|---|
| | कथा, जीवनी वा वादविवाद, संवाद, चिठी लेखन | प्र.नं. | निबन्ध | प्र.नं. | जम्मा अङ्कभार |
| पथरी शनिश्चरे | ४ | १२ | ८ | १७ | १२ |
| बेलबारी | ४ | १२ | ८ | १७ | १२ |
| सुन्दरहरैचा | ४ | १२ | ८ | १७ | १२ |

स्रोत : पथरीशनिश्चरे, बेलबारी र सुन्दरहरैँचाका सक्कल प्रश्नपत्रहरू

माथिको तालिकालाई हेर्दा ३ ओटै प्रतिनिधि प्रश्नपत्रहरू पाठ्यक्रम अनुरूप नै रहेका छन् ।

**४.३.२.५ पढाइ/लेखाइ सीप**

आधारभूत तहको पाठ्यक्रम २०६९ ले पढाइ र लेखाइ सीपका लागि कथा, कविता, निबन्ध/प्रबन्ध, जीवनी र रूपक विधाहरू उपयोगका लागि सिफारिस गरेको छ । सुनाइ र बोलाइको परीक्षण प्रयोगात्मक परीक्षणबाट गर्नुपर्ने व्यवस्था छ । पढाइ र लेखाइ सीपका लागि २४ अङ्क छुट्याएको छ । जसमा पाठगत प्रश्नोत्तर (संक्षिप्त उत्तरात्मक) का लागि १२ अङ्क विवेचनात्मक प्रश्नका लागि ८ अङ्क र भाव विस्तार/व्याख्याका लागि ४ अङ्क छुट्याइएकोछ । प्रतिनिधि प्रश्नपत्रहरूमा पढाइ/लेखाइ सीपका लागि छुट्याइएको अङ्कभारको वितरण तल तालिकामा प्रस्तुत गरिन्छ :

तालिका नं. १०

पढाइ/लेखाइ सीपका लागि अङ्कभार वितरण

| नगरपालिका | पाठगत प्रश्नोत्तर (संक्षिप्त उत्तरात्मक) | विवेचना | भाव विस्तार/व्याख्या | जम्मा |
|---|---|---|---|---|
| पथरी शनिश्चरे | १२ | ८ | ४ | २४ |
| बेलबारी | १२ | ८ | ४ | २४ |
| सुन्दरहरैचा | १२ | ८ | ४ | २४ |

स्रोत : पथरीशनिश्चरे, बेलबारी र सुन्दरहरैँचाका सक्कल प्रश्नपत्रहरू

माथिको तालिकालाई हेर्दा प्रतिनिधि प्रश्नपत्रहरूले पाठ्यक्रमले निर्दिष्ट गरे अनुरूप नै पढाइ /लेखाइ सीपका लागि अङ्कभार वितरण गरेको देखिन्छ ।

आधारभूत पाठ्यक्रम अनुसार व्याकरणलाई १९ अङ्कभार छुट्याइएको छ । आधारभूत तहमा व्याकरण समावेश गर्नुको मुख्य अभिप्राय सैद्धान्तिक पक्षको ज्ञान गराउनु नभई विधाका पाठहरूको प्रकृतिअनुसार भाषातत्त्वको पहिचान र तिनको उपयुक्त प्रयोग गर्ने क्षमता विकासका लागि यसलाई पाठ्यक्रममा समावेश गरिएको हो । व्याकरण विद्यालाई मूल्याङ्कन कार्यमा प्रस्तुत गर्दा निधारित नियमहरूमा आधारित प्रश्नहरू निर्माण नगरी उदाहरण र प्रयोग सम्बद्ध प्रश्नहरू निर्माण गरिनुपर्छ ।

प्रतिनिधि नगरपालिकाका प्रश्नपत्रहरूमा व्याकरण अन्तर्गत शब्दवर्ग, कारक, विभक्ति, काल पक्ष र भाव वाक्य परिवर्तन, वाक्य रचना र शुद्धीकरणसँग सम्बन्धित प्रश्नहरूलाई प्रश्नपत्रहरूमा पाठ्यक्रम अनुरूपकै आधारमा अङ्कभार निर्धारण गरेको पाइन्छ ।

**४.३.२.६ शब्दभण्डार**

शब्दभण्डार अन्तर्गत शब्दार्थ अर्थलेखन, पर्यायवाची शब्द, अनेकार्थी शब्द विपरीतार्थी, परिभाषिक/प्राविधिक शब्द वाक्य निर्माण, उखान टुक्का, श्रुतिसमभिन्नार्थक शब्द समावेश्य, असमावेश्य शब्द, उखान टुक्का, अनुकरणात्मक आदि शब्द पर्दछन । आधारभूत तहको पाठ्यक्रम २०६९ अनुसार शब्दभण्डारलाई १० अङ्कभार छुट्ट्याइएको छ । प्रतिनिधि नगरपालिकाका प्रश्नपत्रहरूले वितरण गरेको शब्द भण्डारको वितरण स्थितिलाई तल तालिकामा देखाइएको छ :

तालिका नं. ११

शब्दभण्डारका लागि अङ्कभार वितरण

| नगरपालिका | जम्मा पूर्णाङ्क | अर्थलेखन | शब्द पहिचान | वाक्य प्रयोग | जम्मा |
|---|---|---|---|---|---|
| पथरीशनिश्चरे | ७५ | ३ | ३ | ४ | १० |
| बेलबारी | ७५ | ३ | ३ | ४ | १० |
| सुन्दरहरैँचा | ७५ | ३ | ३ | ४ | १० |

स्रोत : पथरीशनिश्चरे, बेलबारी र सुन्दरहरैँचाका सक्कल प्रश्नपत्रहरू

माथिको तालिकालाई नियाल्दा तीन ओटै नगरपालिकाले पाठ्यक्रमको निर्देशन अनुसारनै शब्दभण्डारका लागि अङ्क वितरण गरेका छन् ।

### ४.३.३ विधाका आधारमा प्रश्नपत्रको वितरण

कक्षा आठको नेपाली विषयको पाठ्यक्रम २०६९ले नेपाली विषयका लागि विधा तथा विषयवस्तुलाई निर्दिष्ट गरेको छ । यस प्रकार प्रतिनिधि नगरपालिकाका प्रश्नपत्रहरूमा समावेश भएका मूल्याङ्कनका साधनहरू सफल भए नभएको पत्ता लगाई तुलनात्मक विश्लेषण गर्नु यस एकाइको मूल अभिप्राय हो ।

### ४.३.३.१ कथा विधा

यस कथा विधाअन्तर्गत लोककथा /नीतिकथा, पौराणिक/ऐतिहासिक कथा र सामाजिक कथाहरू समावेश छन् । यस विधाको प्रमुख उद्देश्य विद्यार्थीहरूमा कथानात्मक अभिव्यक्ति सीपको विकास गर्नु हो । कथानात्मक अभिव्यक्ति भन्नाले मौखिक तथा लिखित कथनलाई लिइन्छ । वस्तुतः कथा सिकाइका माध्यमबाट सुनाइ, बोलाइ, पढाइ, लेखाइ जस्ता चारै सीपको विकास गर्नुपर्दछ । कथाविधाबाट पाठगत बोध, सारांश, घटनाक्रम, मिलाउने भावविस्तार तथा रचनासँग, सम्बबिन्धत प्रश्न निर्माण गरी विद्यार्थीको मूल्याङ्कन गरिनुपर्दछ । यसरी प्रतिनिधि नगरपालिकाका प्रश्नपत्रहरूमा समावेश कथा विधामा आधारित प्रश्नहरूको वितरण स्थितिलाई तलको तालिकामा प्रस्तुत गरिएको छ :

तालिका नं. १२.१

कथा विधाका लागि अङ्कभार वितरण

नगरपालिका पथरीशनिश्चरे

| क.सं. | प्रश्नका प्रकार | प्र.नं. | प्रश्न सङ्ख्या | पूर्णाङ्क | प्रकृति |
|---|---|---|---|---|---|
| १ | निर्देशित रचना | १२ क | १ | ४ | ऐच्छिक |
| २ | संक्षिप्त उत्तरात्मक प्रश्न | १४ ख | १ | २ | ऐच्छिक |
| ३ | तार्किक प्रश्न | १५ | १ | ४ | अनिवार्य |
| ४ | विवेचनात्मक उत्तर | १६ क | १ | ८ | ऐच्छिक |

तालिका नं. १२.२

कथा विधाका लागि अङ्कभार वितरण

नगरपालिका बेलबारी

| क.सं. | प्रश्नका प्रकार | प्र.नं. | प्रश्न सङ्ख्या | पूर्णाङ्क | प्रकृति |
|---|---|---|---|---|---|
| १ | निर्देशित रचना | १२ क | १ | ४ | ऐच्छिक |
| २ | तार्किक प्रश्न | १५ | १ | ५ | अनिवार्य |
| | जम्मा | | २ | ९ | |

तालिका नं. १२.३

कथा विधाका लागि अङ्कभार वितरण

नगरपालिका सुन्दरहरैचा

| क.सं. | प्रश्नका प्रकार | प्र.नं. | प्रश्न सङ्ख्या | पुर्णाङ्क | प्रकृति |
|---|---|---|---|---|---|
| १ | संक्षिप्त उत्तरात्मक प्रश्न | १४ क | १ | ४ | ऐच्छिक |
| २ | विवेचनात्मक उत्तर | १६ क | १ | ८ | ऐच्छिक |
| | जम्मा | | २ | १२ | |

यसरी प्रतिनिधि प्रश्नपत्रहरूमा कथा विधाबाट सोधिएका प्रश्नहरूको वितरणको स्थितिलाई हेर्दा पथरीशनिश्चरे नगरपालिकाको प्रश्नपत्रमा यस विधाबाट सोधिएका प्रश्नहरू एउटा तार्किक प्रश्न अनिवार्य र वाकी प्रश्नहरूऐच्छिक रूपमा बनाइएका छन् । यस्तो स्थितीमा परीक्षार्थीले ३ वटा प्रश्नको उत्तर नगरे पनि हुन्छ । प्रश्नपत्रको यस्तो किसिमको वितरणले गर्दा परीक्षार्थीले कथा विधालाई आफ्नो उत्तरपुस्तिकामा नसमेटे कथा विधामार्फत पाठ्यक्रमले राखेको उद्देश्यको मापन गर्न सकिँदैन । यसै गरी बेलबारी र सुन्दरहरैचाको प्रश्नपत्रमा हेर्दा बेलबारी नगरपालिकाको प्रश्नपत्रमा २ वटा प्रश्न सोधिएको छ । तार्किक प्रश्न अनिवार्य र निर्देशित रचना ऐच्छिक सोधिएको छ । त्यसैगरी सुन्दरहरैंचाको प्रश्नपत्रमा कथा विधाबाट सोधिएको विवेचनात्मक उत्तरदिने प्रश्नलाई ऐच्छिक र सङ्क्षिप्त प्रश्नोत्तरमा सोधिएको प्रश्नलाई पनि ऐच्छिक बनाइएको छ । यस्तो स्थितिमा पाठ्यक्रमले राखेएको उद्देश्य मापनले पूरा गर्न सक्दैन । यसरी हेर्दा पथरीशनिश्चरे नगरपालिकाको प्रश्नपत्रमा कथा विधाबाट कुल १८ अङ्कका प्रश्न सोधिएका छन् । त्यस्तै बेलबारी नगरपालिकामा ९ र सुन्दरहरैंचामा १२ अङ्कका प्रश्न कथा विधाबाट सोधिएको छ ।

### ४.३.३.२ कविता विधा

कविता विधा अन्तर्गत छन्दोबद्ध कविता, लोक कविता, गीति कविता, गद्य कविता, समावेश छन् । कविता सिकाइको मुख्य उद्देश्य लय बोध र उच्चारण सीप विकास गर्नु हो । अतः कविता सिकाइ गर्दा विशेषतः लययुक्त सस्वरवाचन, भाव पहिचान, प्रश्नोत्तर, भावार्थ र भाव विस्तार आदिका क्रियाकलाप गराउनुका साथै कविताको अनुकरणात्मक र सिर्जनात्मक लेखन तिर प्रवृत्त गराउनु पनिरहेको छ । त्यसैले यस विधाबाट भाव पहिचान, प्रश्नोत्तर, सारांश, भावार्थ, भाव विस्तार प्रश्नहरू बनाइ भाषिक मूल्याङ्कन प्रक्रिया गरिनु पर्दछ । कविता विधाका लागि प्रतिनिधि जिल्लाका प्रश्नपत्रहरूले वितरण गरेको अङ्कभारको स्थितिलाई तल तालिकामा प्रस्तुत गरिएको छ :

तालिका नं. १३.१

कविता विधाका लागि अङ्कभार वितरण

नगरपालिका पथरीशनिश्चरे

| क.स. | प्रश्नका प्रकार | प्र.नं. | पूर्णाङ्क | प्रकृति |
|---|---|---|---|---|
| १ | भाव विस्तार | १३ क | ४ | ऐच्छिक |
| | जम्मा | | ४ | |

तालिका नं. १३.२

कविता विधाका लागि अङ्कभार वितरण

बेलबारी नगरपालिका

| क.सं. | प्रश्नका प्रकार | प्र.नं. | पूर्णाङ्क | प्रकृति |
|---|---|---|---|---|
| १ | भाव विस्तार | १३ क | ४ | ऐच्छिक |
| २ | संक्षिप्त प्रश्नोत्तर | १४ ग | ४ | ऐच्छिक |
| | जम्मा | | ८ | |

तालिका नं. १३.३

कविता विधाका लागि अङ्कभार वितरण

सुन्दरहरैंचा नगरपालिका

| क.सं. | प्रश्नका प्रकार | प्र.नं. | पूर्णाङ्क | प्रकृति |
|---|---|---|---|---|
| १ | भाव विस्तार | १३ क | ४ | ऐच्छिक |
| २ | संक्षिप्त प्रश्नोत्तर | १४ ग | ४ | ऐच्छिक |
| | जम्मा | | ८ | |

माथिका तालिकालाई हेर्दा तीनओटै नगरपालिकाका प्रश्नपत्रमा कविता विधाबाट प्रश्नहरू राखिएका छन् तर ऐच्छिक प्रश्नका रूपमा अङ्क ४ को भाव विस्तार गर्ने प्रश्न राखिएको पाइन्छ । पथरीशनिश्चरे र सुन्दरहरैंचा नगरपालिकाको प्रश्नपत्रमा जम्मा ४ पुर्णाङ्कको मात्र प्रश्नपत्र कविता विधाबाट राखिएको छ भने बेलबारी नगरपालिकामा र पूर्णाङ्कको २ ओटा प्रश्न राखिएको देखिन्छ । यी प्रश्नहरू अनिवार्य छैनन् । त्यसकारण समावेश भएका प्रश्नहरू हल गर्न परीक्षार्थीहरू बाध्य छैनन् । किनभने, ती प्रश्नहरूका विकल्पमा अन्य विधाका प्रश्नहरू पनि समावेश छन्, त्यसैले विद्यार्थीले ती प्रश्न हल गर्नु पर्ने स्थिति ऐच्छिक छ । यसरी एउटा पनि प्रश्न कविता विधाका अनिवार्य नभएकोले गर्दा कविता विधाले राखेको उद्देश्य के कति मात्रामा सफल भयो भन्ने कुराको जानकारी पाउन ज्यादै कठिन हुने अवस्था देखिन्छ ।

### ४.३.३.३ प्रबन्ध/निबन्ध विधा

प्रबन्ध / निबन्ध विद्याअन्तर्गत सामाजिक/साँस्कृतिक, प्राकृतिक तथा वातावरणीय कलात्मक, वैज्ञानिक/प्राविधिक जस्ता प्रबन्ध/निबन्धहरू संयोजन भएका छन् । यस विधाको मुख्य उद्देश्य प्रयोजन विद्यार्थीमा गद्यात्मक अभिव्यक्तिको बोध क्षमताका साथै गद्यात्मक लिखित अभिव्यक्ति क्षमताको विकास गर्नु हो । यस विद्याका लागि श्रुतिलेखन, अनुलेखन र निबन्धलेखन प्रश्नहरू बनाइ भाषिक मूल्याङ्कन गर्नुपर्दछ । प्रबन्ध/निबन्ध विधाका लागि प्रतिनिधि जिल्लाका प्रश्नपत्रहरूको वितरण स्थितिलाई तलको तालिकामा राखिएको छ :

तालिका नं. १४.१

प्रबन्ध/निबन्ध विधाका लागि अङ्कभार वितरण

पथरीशनिश्चरे नगरपालिका

| क्र.सं. | प्रश्नका प्रकार | प्र.नं. | प्रश्न सङ्ख्या | पूर्णाङ्क | प्रकृति |
|---|---|---|---|---|---|
| १ | बोध प्रश्न | १० | १ | ५ | अनिवार्य |
| २ | विवेचनात्मक प्रश्न | १६ ख | १ | ८ | ऐच्छिक |
| ३ | निबन्ध लेखन | १७ | १ | ८ | अनिवार्य |
| | जम्मा | | ३ | २१ | |

तालिका नं. १४ .२

प्रबन्ध/निबन्ध विधाका लागि अङ्कभार वितरण

बेलबारी नगरपालिका

| क.सं. | प्रश्नका प्रकार | प्र.नं. | पूर्णाङ्क | प्रकृति |
|---|---|---|---|---|
| १ | बोध प्रश्नोत्तर | १० | ५ | अनिवार्य |
| २ | बुँदा टिपोट र सारांश लेखन | ११ | ५ | अनिवार्य |
| ३ | भाव विस्तार | १३ ख | ४ | ऐच्छिक |
| ४ | विवेचनात्मक उत्तर | १६ ख | ८ | ऐच्छिक |
| ५ | निबन्ध लेखन | १७ | ८ | अनिवार्य |
| | जम्मा | | ३० | |

तालिका नं १४. ३

प्रबन्ध/निबन्ध विधाका लागि अङ्कभार वितरण

सुन्दरहरैंचा नगरपालिका

| क.सं. | प्रश्नका प्रकार | प्र.नं. | पूर्णाङ्क | प्रकृति |
|---|---|---|---|---|
| १ | बुँदा टिपोट र सारांश लेखन | ११ | ५ | अनिवार्य |
| २ | निबन्ध लेखन | १७ | ८ | अनिवार्य |
| | जम्मा | | १३ | |

माथिको तालिकालाई हेर्दा सबै प्रतिनिधि नगरका प्रश्नपत्रहरूमा प्रबन्ध /निबन्ध विधालाई समेटिएको पाइन्छ । पथरीशनिश्चरे नगरपालिकाले कुल २१ अङ्कका प्रश्नमा १३ अङ्क लाई अनिवार्य र ८ अङ्कलाई ऐच्छिक प्रश्नका रूपमा राखेको छ । यस्तै बेलबारी नगरपालिकाले ३० अङ्कका प्रश्नहरू सोधेको छ जसमा १८ अङ्कलाई अनिवार्य १२

अङ्कलाई ऐच्छिक प्रश्नका रूपमा राखिएको छ । त्यसैगरी सुन्दरहरैँचा नगरपालिकाले कूल १३ अङ्कभारका प्रश्नहरू सोधेको छ जसमा १३ अङ्क अनिवार्य सोधिएको छ भने ऐच्छिक प्रश्न सोधिएको छैन । यसरी प्रतिनिधि प्रश्नपत्रमा यस विधाबाट वितरण गरिएका प्रश्नका प्रकृति प्रश्न सङ्ख्या र अङ्कभारमा पथरी शनिश्चरेमा २१, बेलबारीमा ३० र सुन्दरहरैँचामा १३ अङ्कभार छुट्याइएको छ साथै ऐच्छिक र अनिवार्य दुवै प्रकृतिका प्रश्नपत्र राखिनु सकारात्मक हो सबै प्रतिनिधि नगरपालिकाले प्रश्नपत्रमा निबन्ध लेखन प्रश्न अनिवार्य राखिनु सकारत्मक पाटो हो ।

### ४.३.३.४ रूपक विधा

रूपक विधा अन्तर्गत संवाद, वादविवाद एकाङ्की विधाहरू समावेश छन् । यी विधाहरूको मुख्य उद्देश्य अभिव्यक्ति क्षमताको विकास गराउनु हो । यी विधाको मूल्याङ्कन गर्दा प्रश्नोत्तर, संवाद, वादविवाद र स्वतन्त्र लेखन जस्ता पक्षलाई ध्यान दिई प्रश्नपत्र निर्माण गर्नुपर्दछ । प्रतिनिधि प्रश्नपत्रहरूमा यस विधाका लागि वितरण गरिएको अङ्कभारको स्थितिलाई तल तालिकामा प्रस्तुत गरिन्छ :

तालिका नं. १५.१

रूपक विधाका लागि अङ्कभार वितरण

नगरपालिका : पथरीशनिश्चरे

| क.सं. | प्रश्नका प्रकार | प्र.सं. | पूर्णाङ्क | प्रकृति |
|---|---|---|---|---|
| १ | वादविवाद | १२ ख | ४ | ऐच्छिक |
| २ | विवेचनात्मक प्रश्न | १५ | ४ | अनिवार्य |

तालिका नं. १५.२

रूपक विधाका लागि अङ्कभार वितरण

नगरपालिका सुन्दरहरैचा

| क.सं. | प्रश्नका प्रकार | प्र.सं. | पूर्णाङ्क | प्रकृति |
|---|---|---|---|---|
| १ | वादविवाद | १२ | ४ | अनिवार्य |

अध्ययनका लागि छनोट गरिएका नगरपालिकामध्ये बेलबारी नगरपालिकाले रूपक विधालाई कुनै स्थान दिएको छैन । पथरीशनिश्चरे नगरपालिकाले ८ पूर्णाङ्क र सुन्दरहरैंचा नगरपालिकाले ४ पूर्णाङ्कका प्रश्नहरू समावेश गरेको देखिन्छ । पथरीशनिश्चरे र सुन्दरहरैंचा नगरपालिकाले वादविवाद लेखन प्रश्न राख्नुलाई सकारात्मक रूपमा लिन सकिन्छ तर सुन्दरहरैंचाले भने रूपक विधालाई पूरै उपेक्षा गरेको छ ।

### ४.३.३.५ जीवनी विधा

जीवनी विधा अन्तर्गत राष्ट्रिय र अन्तराष्ट्रिय ख्यातिप्राप्त साहित्यकार, आविष्कारक, प्रेरक व्यक्तित्व वा महान् विचारकका जीवनीहरू समावेश छन् । जीवनी विधाको मुख्य उद्देश्य भाषाका मौखिक तथा लिखित अभिव्यक्ति सीपको विकास गर्नु हो । प्रतिनिधि प्रश्नपत्रहरूमा जीवनी विधाका लागि वितरण गरिएको अङ्कभारको स्थिति तलका तालिकामा प्रस्तुत गरिन्छ :

तालिका नं. १६.१

जीवनी विधाका लागि अङ्कभार वितरण

नगरपालिका पथरीशनिश्चरे

| क.सं. | प्रश्नका प्रकार | प्र.सं. | पूर्णाङ्क | प्रकृति |
|---|---|---|---|---|
| १ | संक्षिप्त उत्तरात्मक | १४ क | ४ | ऐच्छिक |

तालिका नं. १६. २

नगरपालिका बेलबारी

| क.सं. | प्रश्नका प्रकार | प्र.सं. | पूर्णाङ्क | प्रकृति |
|---|---|---|---|---|
| १ | संक्षिप्त उत्तरात्मक | १४ क | ४ | ऐच्छिक |
| २ | विवेचनात्मक प्रश्न | १६ क | ८ | ऐच्छिक |

नगरपालिका सुन्दरहरैँचा

| क.सं. | प्रश्नका प्रकार | प्र.सं. | पूर्णाङ्क | प्रकृति |
|---|---|---|---|---|
| १ | बोध प्रश्नोत्तर | १० | ५ | अनिवार्य |
| २ | संक्षिप्त उत्तरात्मक | १४ ग | ४ | ऐच्छिक |
| ३ | विवेचनात्मक प्रश्न | १६ ख | ८ | ऐच्छिक |

माथिका तालिकाहरूलाई अध्ययन गर्दा पथरी शनिश्चरे नगरपालिकामा जम्मा ४ अङ्कभार छुट्याई जीवनी विधाबाट एउटा मात्र ऐच्छिक प्रश्न सोधिएको देखिन्छ भने बेलबारी नगरपालिकाले दुई ओटा ऐच्छिक प्रश्नहरू समावेश गरेको छ । जसका लागि १२ अङ्क छुट्याइको छ । त्यसैगरी सुन्दरहरैँचा नगरपालिकाले ३ ओटा प्रश्नहरू सोधेको छ जसमध्ये ५ पूर्णाङ्कको प्रश्न अनिवार्य र १२ पूर्णाङ्कका प्रश्न ऐच्छिक रूपमा रहेका छन् । यसरी हेर्दा सुन्दरहरैँचा नगरपालिकाले एउटा प्रश्न जीवनीबाट अनिवार्य गरेको छ भने अरु नगरपालिकाले सबै प्रश्नहरू ऐच्छिक रूपमा मात्र समावेश गरेका छन् । यस किसिमको वितरणले परीक्षार्थीलाई उत्तर लेख्न बाध्य नपार्ने हुँदा जीवनी विधा छुट्न सक्ने सम्भावना देखिन्छ । यस अर्थमा प्रतिनिधि प्रश्नपत्रहरूमा जीवनी विधालाई उपेक्षा गरेको देखिन्छ ।

### ४.३.३.६ चिठी विधा

चिठी विधा अन्तर्गत घरायसी, कार्यालयीय र निवेदन समावेश छन् । यस विधाको प्रमुख प्रयोजन व्यावहारिक सीपको अभिवृद्धि गर्नु हो । प्रतिनिधि प्रश्नपत्रमा चिठी विधाका लागि वितरण गरिएको अङ्कभारको अवस्था तल तालिकाम देखाइएको छ :

तालिका नं. १७

| नगरपालिका | प्र.सं. | पूर्णाङ्क | प्रकृति |
|---|---|---|---|
| पथरीशनिश्चरे | - | - | - |
| बेलबारी | १२ ख | ४ | ऐच्छिक |
| सुन्दरहरैँचा | - | - | - |

माथिको तालिकालाई हेर्दा प्रतिनिधि नगरपालिकामध्ये बेलबारी नगरपालिकाले मात्र चिठी विधालाई समावेश गरेको छ । ४ पूर्णाङ्कको उक्त प्रश्न ऐच्छिक रहेको छ भने अन्य प्रश्नपत्रमा चिठीलाई समावेश गरिएको छैन । विशिष्टीकरण तालिकामा चिठीलाई ऐच्छिक रूपमा समेत राख्न सकिने भनिएकाले यस विधाको समावेशलाई यहाँ राम्रै मान्न सकिन्छ ।

### ४.३.४ पाठ्यपुस्तकका अधारमा

विद्यालय स्तरमाकक्षा आठका लागि पाठ्यक्रमका उद्देश्य प्राप्तिलाई सघाउन पाठ्यक्रमले निर्धारण गरेको विषयवस्तुको विस्तृत पक्षलाई समेट्दै निश्चित ज्ञान, सीप र अभिवृद्धिमा केन्द्रीकृत पाठ्यपुस्तकको सिफारिस गरिएको छ । यसरी सिफारिस गरिएको पाठ्यपुस्तक शिक्षक तथा विद्यार्थीले उपयोग गर्दछन् । यसरी कक्षा आठमा पढ्ने विद्यार्थीको उमेर रुचि क्षमता र मनोवैज्ञानिक पक्षमा विचार पुऱ्याउँदै उनीहरूको मूल्याङ्कनका लागि पाठ्यपुस्तकमा आधारित प्रश्नपत्र उपयोग ल्याउनु उपयुक्त हुन्छ । यसको अर्थ प्रश्नहरू हुबहु पाठ्यपुस्तकमा भएका हुनै पर्छ भन्ने होइन यस अध्ययन कार्यमा उपयोग गरिएका प्रश्नपत्रहरूलाई अध्ययन गर्दा सबै नगरपालिकाका प्रश्नपत्रहरू पाठ्यपुस्तकमा नै आधारित भएर निर्मण गरिएको पाइन्छ । अर्थात पाठ्यपुस्तकमुखी प्रश्नहरूको बाहुल्य प्रश्नपत्रमा देखिन्छ । प्रश्नपत्रहरूमा प्रश्नहरूको वितरण पाठ्यपुस्तकमा भएका प्रश्नहरूलाई लिएर गरिएकोछ । अर्कोतर्फ प्रतिनिधि प्रश्नपत्रहरूमा हुबहु पाठ्यपुस्तकका पाठ तथा अभ्यास खण्डसँग सम्बन्धित नभएका प्रश्नहरूपनि समावेश छन् । ती प्रश्न पाठ्यपुस्तकमा रहेका विषयवस्तुको विधागत मर्ममा आधारित भएर नै सोधिएका छन् ।

प्रस्तुत अध्ययन कार्यमा प्रयोग गरिएका तीन नगरपालिकाका प्रश्नहरू विद्यार्थीलाई सोधिएको छ :

प्र.१२ ख सम्पत्तिभन्दा शिक्षा ठूलो भन्ने विषयको वादविवादको पक्षका तर्फबाट आफ्ना गहकिला तर्कहरू प्रस्तुत गर्नुहोस् । (पथरीशनिश्चरे)

प्र. १२ भाग्यमा होइन परिश्रममा विश्वास गर्नुपर्छ भन्ने शिर्षकमा विपक्षका तर्कहरूको खण्डन गर्दै पक्षबाट आफ्नो तर्कहरू प्रस्तुत गर्नुहोस । (सुन्दरहरैंचा)

यी प्रश्नहरू पाठ्यपुस्तकको पाठमा छैनन् तर प्रश्नले पाठ्यक्रमको उद्देश्यलाई भने प्रतिबिम्बित गरेको छ । वास्तवमा शैक्षिक उद्देश्यको कार्यान्वयनका लागि सहयोगी सामग्री

पाठ्यपुस्तक भए तापनि आफैँमा पूर्ण भने हुँदैन । त्यसैले विद्यार्थीले पढेका पाठबाट मात्र प्रश्न सोध्न गरेका विद्यार्थीहरूमा शैक्षिक उद्देश्यप्राप्ति भए वा नभएको जानकारी हुन सक्दैनन् तसर्थ माथि उल्लेखित प्रश्न उपयुक्त नै छन् ।

### ४.३.५ विशिष्टिकरण तालिकाका आधारमा

विशिष्टीकरण तालिका २०६९ सँग अध्ययन कार्यमा उपयोग गरिएका तीन ओटा नगरपालिकाहरू पथरीशनिश्चरे, बेलबारी र सुन्दरहरैँचाका प्रश्नहरूलाई तुलना गरी प्रश्नपत्रको सापेक्षता र उपयुक्ततालाई यस खण्डमा प्रस्तुत गरिन्छ । यसैगरी प्रश्नपत्रमा सङ्कलित एक एक प्रश्नहरूलाई अध्ययन गरी प्रश्नपत्र र विशिष्टीकरण तालिकाबीचको अनुरूपतालाई यस खण्डमा प्रस्तुत गरिएको छ । यसका लागि विशिष्टीकरण तालिका२०६९ अनुसार सिफारिस गरिएका प्रश्नका प्रकार, पढाइ र लेखाइका शीर्षकलाई अध्ययन कार्यमा लिँदै प्रश्नको तह, प्रश्नका सङ्ख्या, अङ्कभार र समयलाई प्रश्नपत्रमा उल्लेख गरिएअनुसार र विशिष्टीकरण तालिकाबीच तुलना गर्दै प्रश्नपत्रको अध्ययनलाई प्रस्तुत गरिएको छ ।

#### ४.३.५.१ शब्द भण्डार

शब्दभण्डार अन्तर्गत शब्दार्थ (अर्थलेखन) शब्द पहिचान, वाक्यमा प्रयोगसँग सम्बन्धित प्रश्नहरू पर्दछन् । यस खण्डमा भिन्नै प्रश्नहरूको प्रतिनिधि प्रश्नपत्रमा गरिएको वितरण र ती प्रश्नको प्रश्नको विशिष्टीकरण तालिका २०६९ सँग तुलना गर्दै विश्लेषण गरिन्छ ।

विशिष्टीकरण तालिका अनुसार अर्थलेखन शब्द पहिचान र वाक्यमा प्रयोगका लागि क्रमशः ३, ३ र ४ अङ्कभार वितरण गर्नुपर्ने कुरा उल्लेख गरिएको छ । त्यसैगरी उक्त तालिका अनुसार अर्थ लेखन र शब्द पहिचान ज्ञान सीपसँग सम्बन्धित र वाक्यमा प्रयोग व्यावहारिक सीपसँग सम्बन्धित हुने कुरा उल्लेख गरिएको छ ।

यस प्रकार पथरीशनिश्चरे, बेलबारी र सुन्दरहरैँचा नगरपालिकाका प्रश्नपत्रहरूमा शब्दमण्डार विधाका लागि वितरण गरिएका प्रश्नपत्रहरूलाई अध्ययन गर्दा विशिष्टीकरण तालिका अनुरूप नै वितरित भएको छ ।

### ४.३.५.२ व्याकरण

विशिष्टीकरण तालिका २०६९ मा उल्लेख भए अनुसार व्यावहारिक सीपको मूल्याङ्कनका लागि व्याकरण विधाबाट पहिचान, परिवर्तन र खाली ठाउँ भने प्रश्नहरू सोधिनुपर्ने हुन्छ । यसका लागि कूल पूर्णाङ्कको निम्नानुसार अङ्कभार वितरण गरी उल्लेख भएअनुसार प्रश्नहरू सोधिनुपर्ने कुरा उल्लेख गरिएको छ :

क) हिज्जे वर्ण विन्यास र लेख्य चिह्न : यसका लागि ४ अङ्कभार वितरण गरी एउटा शब्दमा एउटा मात्र अशुद्धि पर्ने गरी वर्ण विन्यास ३ ओटा र लेख्य चिह्न १ ओटा पर्ने गरी ४ ओटा अशुद्धि भएको गद्यांश दिई शुद्ध गर्न लगाउने र ह्रस्वदीर्घ , य-ए, ब-व, श/ष/स, शिरबिन्दुबाट ४ ओटा बहुवैकल्पिक प्रश्न सोधी सही उत्तर छान्न लगाउने ।

ख) शब्दवर्ग : यसका लागि ३ अङ्कभार वितरण गरी ६ ओटा विभिन्न शब्दवर्गका शब्द रेखाङ्कन गरी  छुट्याउन लगाउने प्रश्न सोध्ने ।

ग) कारक र विभक्ति : यसका लागि १ अङ्क वितरण गरी २ ओटा कारक वा २ ओटा विभक्ति छुट्याउन लगाउने प्रश्न सोध्ने ।

घ) काल पक्ष र भावः यसका लागि ३ अङ्क वितरण गरी काल पक्ष र भावबाट ६ ओटा धातु सङ्केत गरी ६ ओटा वाक्यमा खाली ठाउँ लगाउने ।

ङ) वाक्य परिवर्तन र वाक्य रचना : यसका लागि र अङ्कभार वितरणगरी लिङ्ग वचन, पुरुष आदर गरी २ , वाच्य १, करण/अकरण १, वाक्य कोटिका प्रश्न सोधी वाक्य परिवर्तन गर्न लगाउने र क्रियाका खास काल पक्ष वा भावको कोटि तोकेर न्यूनतम ४ वाक्यमा कुनै विषयको वर्णन गर्न लगाउने प्रश्न सोध्ने ।

यसरी प्रतिनिधि प्रश्नपत्रहरूमा व्याकरण परीक्षणका लागि वितरण गरिएको अङ्क विभाजनलाई तलको तालिकामा प्रस्तुत गरिएको छ :

तालिका नं. १८

व्याकरण परीक्षणको अङ्क विभाजन

| नगरपालिका | वर्णविन्यास | शब्दवर्ग | कारक र विभक्ति | काल पक्ष भाव | वाक्य परिवर्तन | जम्मा | पुर्णाङ्क | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| पथरीशनिश्चरे | २+२ | ३ | १ | ३+४ | ४ | १९ | ७५ | १४.२५ |
| बेलबारी | २+२ | ३ | १ | ३+४ | ४ | १९ | ७५ | १४.२५ |
| सुन्दरहरैँचा | २+२ | ३ | १ | ३+४ | ४ | १९ | ७५ | १४.२५ |

प्रस्तुत तालिकालाई हेर्दा व्याकरण विधाबाट सबै प्रतिनिधि प्रश्नहरू विशिष्टीकरण तालिका अनुरूप नै छन् । अर्थात विशिष्टीकरण तालिकाको पूर्ण पालना गरी प्रश्नपत्र निर्माण भएका छन् ।

### ४.३.५.३ बोध प्रश्न (दृष्टांश)

परिमार्जित विशिष्टीकरण तालिका २०६९ मा बोध प्रश्न दृष्टांश गद्य हुने प्रावधान छ । यसका लागि पाठ्यपुस्तकका गद्य रचनाबाट १५० शब्द सम्मको अनुच्छेद दिई पठनबोध क्षमताको परीक्षण गर्ने खालका ५ प्रश्न सोधी अङ्कभार ५ वितरण गर्दै उत्तर दिनुपर्ने समय ९ मिनेट निर्धारण गर्नुपर्ने प्रावधान विशिष्टीकरण तालिकामा  उल्लिखित छ । यस सन्दर्भमा तीन ओटै प्रतिनिधि नगरपालिकाले विशिष्टीकरण तालिका अनुरूपकै दृष्टांश गद्य दिई ५ प्रश्नका लागि ५ अङ्कको व्यवस्था गरेका छन् ।

### ४.३.५.४ बुँदा टिपोट र सारांश (दृष्टांश)

विशिष्टीकरण तालिका २०६९ अनुसार ७५ पूर्णाङ्कको परीक्षामा गद्य विधाबाट १०० शब्दसम्मको गद्यांश दिई चारओटा बुँदा टिपी सारांश लेख्न लगाउने प्रश्नका लागि ५ अङ्क छुट्याइएको छ । यसले विद्यार्थीको उच्च दक्षताको मापन गर्ने कुरा विशिष्टीकरण तालिकामाउल्लेख छ । यस सन्दर्भमा पथरीशनिश्चरे, बेलबारी र सुन्दरहरैँचा तीन वटै नगरपालिकाका प्रश्नपत्र सफल छन् । यसरी विशिष्टीकरण तालिका अनुसार नै तीन ओटै

नगरपालिकाले दृश्य गद्य दिई ४ ओटा बुँदा टिपी सारांश लेख्न लगाएका छन् र त्यसको लागि ५ अङ्क छुट्ट्याएका छन् । जुन विशिष्टीकरण तालिका अनुरूपकै छन् ।

### ४.३.५.५ निर्देशित रचना

परीक्षार्थीको उच्च दक्षता मापनका लागि बुँदा दिई कथा/जीवनीबाट एक प्रश्न वा वादविवाद /संवाद /चिठीमध्येबाट कुनै एक प्रश्न गरी दुई प्रश्न सोध्ने र कुनै एकको उत्तर दिन लगाउने कुरा विशिष्टीकरण तालिका २०६९ मा उल्लेख छ । उक्त तालिका अनुसार यसका लागि अङ्कभार ४ किटान गरिएको छ । त्यस्तै उत्तर लेख्नुपर्ने समय ९ मिनेट तोकिएको छ । यसै सन्दर्भमा अध्ययनमा उपभोग गरिएका पथरीशनिश्चरेले कथाबाट एक प्रश्न र वाद्विवादबाट एक प्रश्न राखी छानेर एउटामात्र गर्न निर्देशन दिइएको छ । बेलबारी नगरपालिकाले कथा रचना गर्ने र चिठी लेख्ने प्रश्न राखी छानेर एउटा प्रश्नको उत्तर लेख्ने निर्देशन गरिएको छ । त्यस्तै सुन्दरहरैंचा नगरपालिकाले वादविवादबाट एक प्रश्नराखी अनिवार्य उत्तर लेख्दा निर्देशन गरिएको छ । सबै प्रतिलिपि नगरपालिकाले यसका लागि ४ अङ्कको व्यवस्था गरेका छन् । यसरी हेर्दा सबै प्रतिनिधि नगरपालिकाका निर्देशित रचना विशिष्टीकरण तालिका अनुरूपकै छन् ।

### ४.३.५.६ भाव विस्तार /व्याख्या

विशिष्टीकरण तालिका २०६९ अनुसार भाव विस्तार प्रश्नबाट परीक्षार्थीको उच्च दक्षता मापन गरिन्छ । भाव विस्तार/व्याख्याका लागि कथा, कविता, निबन्ध /प्रबन्ध जीवनी विधाका दुई विशिष्टपङ्क्ति दिई कुनै एकको व्याख्या भावविस्तार गर्न वा तात्पर्य खुलाउन लगाउने प्रश्न दिने कुरा विशिष्टीकरण तालिकामा उल्लेख छ । यसै सन्दर्भमा भाव विस्तार /व्याख्या प्रश्नका लागि प्रतिनिधि पथरीशनिश्चरे बेलबारी र सुन्दरहरैंचा नगरपालिकाका प्रश्नपत्रले  विशिष्टीकरण तालिकालाई आत्मसात गरी प्रश्नपत्रले विशिष्टीकरण तालिकालाई आत्मसात गरी प्रश्नपत्र निर्माण गरेका छन् । भाव विस्तारका लागि सबै प्रतिनिधि नगरपालिकाले विशिष्टीकरण तालिका अनुरूप नै ४ अङ्कको व्यवस्था गरेका छन् ।

### ४.३.५.७ पाठगत प्रश्नोत्तर (संक्षिप्त उत्तरात्मक )

पाठगत संक्षिप्त प्रश्नोत्तरका लागि विशिष्टीकरण तालिका २०६९ मा निर्धारित विधाहरू कथा, कविता निबन्ध/प्रबन्ध, जीवनीबाट मूल भाव घटना, सन्देश, चरित्र आदिसँग सम्बन्धित ३ ओटा संक्षिप्त उत्तरात्मक प्रश्न सोधी कुनै २ ओटाको उत्तर दिन लगाउने कुरा उल्लेख छ। त्यस्तै पाठगत प्रश्नोत्तर अन्तर्गत नै राखिएको तार्किक शिल्प/समस्या समाधान प्रश्नका लागि कथा, निबन्ध/प्रबन्ध, कविता, जीवनी विधाका कुनै प्रसङ्ग दिई विचार तथा तर्कले पुष्टि गर्ने वा समस्या समाधान गर्ने खालको प्रश्न सोध्ने। यस्तो प्रश्न अनिवार्य प्रश्नका रूपमा राखिएकोछ। यी सबै प्रश्नका लागि ४/४ अङ्कका दरले कूल १२ अङ्क विभाजन गरिएको छ। यी सबै प्रश्नका लागि २२ मिनेटको समय तोकिएको छ। सबै प्रतिनिधि नगरपालिकाका प्रश्नहरू समावेश गरी विशिष्टीकरण तालिकाको पूर्ण पालना गरेका देखिन्छन्।

### ४.३.५.८ विवेचना

विवेचनात्मक प्रश्नका लागि विशिष्टीकरण तालिका २०६९ मा र अङ्क निर्धारण गरिएको छ। उच्च दक्षता मापन गर्ने यस प्रश्नका लागि कथा, निबन्ध/प्रबन्ध र जीवनीमध्ये कुनै २ विधाबाट विश्लेषणात्मक र सिर्जनात्मक क्षमताको परीक्षण गर्ने खालका २ प्रश्न सोधी १ प्रश्नको उत्तर दिन लगाउने व्यवस्था उल्लेख छ। यस प्रश्नका लागि १५ मिनेटको समय सीमा तोकिएको छ। प्रतिनिधि नगरपालिकाका प्रश्नपत्रलाई हेर्दा पथरीशनिश्चरे नगरपालिकाको एउटा प्रश्न कथा विधाबाट र अर्को प्रश्न प्रबन्ध विधाबाट सोधी कुनै एक प्रश्नको हल गर्न निर्देशन गरिएको छ। त्यस्तै बेलबारीले एउटा प्रश्न जीवनीबाट र अर्को प्रश्न प्रबन्धबाट राखी एउटा प्रश्नको जवाफ दिन निर्देशन गरिएको छ। त्यसैगरी सुन्दरहरैँचा नगरपालिकाले एउटा प्रश्न कथा बाट र अर्को प्रश्न जीवनी विधाबाट समावेश गरी एउटा प्रश्नको मात्र जवाफ दिन निर्देशन गरिएको छ। अङ्कको विभाजन पनि विशिष्टीकरण तालिका अनुरूप नै सबै नगरपालिकाले र अङ्क राखेका छन्। यसरी हेर्दा सबै प्रतिनिधि नगरपालिकाका प्रश्नहरू विशिष्टीकरण तालिका अनुरूप नै निर्माण भएको देखिन्छ।

### ४.३.५.९ स्वतन्त्र रचना : निबन्ध

स्वतन्त्र रचना अन्तर्गत परीक्षाको उच्च दक्षता मापनका लागि निबन्ध लेख्ने एउटा आत्मपरक र २ ओटा वस्तुपरक पर्ने गरी कुनै ३ शीर्षक दिने र ती मध्ये कुनै १ शीर्षकमा १५० शब्दमा नघटाई निबन्ध लेख्ने प्रावधान विशिष्टीकरण तालिका २०६९मा उल्लेख गरिएकोृ छ । निबन्ध लेखनका लागि आठ अङ्क छुट्याइएको छ । निबन्ध लेख्न लाग्ने समय १५ मिनेट तोकिएको छ । यसै क्रममा निबन्ध लेखन प्रश्नका लागि पथरीशनिश्चरे, बेलबारी र सुन्दरहरैँचा नगरपालिकाले विशिष्टीकरण तालिका अनुसार नै प्रत्येकले तीन ओटा शीर्षक दिई एउटा शीर्षक छानेर निबन्ध लेख्न निर्देशन गरिएको छ र अङ्क पनि निबन्ध लेखनका लागि छुट्याएका छन् । यसरी निबन्ध लेखनका लागि सबै प्रतिनिधि नगरपालिकाले विशिष्टीकरण तालिकाको पूर्ण पालना गरेको देखिन्छ ।

### ४.३.६ प्रश्नपत्रको वैधताको विश्लेषण

जुन विषय र उद्देश्यको परीक्षण एवम् मापन गर्नका लागि प्रश्न बनाइएको हो त्यही कुराको सफल र प्रमाणित परीक्षण एवम् मापन हुन सक्ने स्थिति प्रश्नहरूमा देखिएमा त्यस्ता प्रश्नलाई वैध भनिन्छ । यसले मापनको शुद्धतालाई देखाउँछ । जे उद्देश्यको लागि साधनको निर्माण गरिएको छ सो उद्देश्य पूरा गर्न सक्ने क्षमता वा त्यसको हद वैधताले देखाउँछ ।

परीक्षणबाट प्राप्त हुने नतिजाको निष्कर्ष कतिको सही अर्थपूर्ण र उपयोगी हुन्छ भन्ने कुराको सुनिश्चितता वैधताले गर्दछ । यसरी वैधताले परीक्षणले दाबी गरेअनुसारकै गुण कतिको मापन गर्न सक्छ भन्ने जनाउँछ । प्रश्नहरू आन्तरिक र बाह्य रूपबाट त्रुटिरहित हुन आवश्यक छ । बैधता उद्देश्यसँग सम्बन्धित छ । यसरी प्रतिनिधि प्रश्नहरूको वैधता पुष्टिका लागि वैधताका निम्न पक्षहरूमा अध्ययन विश्लेषण गरिएको छ :

### ४.३.६.१ विषयगत वैधता

कुनै पनि परीक्षणमा विषयगत वैधता हुनका लागि त्यस परीक्षणमा समावेश गरिएका प्रश्नले सम्पूर्ण विषयवस्तुलाई प्रतिनिधित्व गरेको सुनिश्चित गर्नुपर्दछ । परीक्षणका साधनले पाठ्यक्रमले तोकेका उद्देश्य, विषयवस्तु, विषयवस्तुका सीमाहरूलाई समेटेको सुनिश्चितता गर्दछ भने त्यस्तो परीक्षणमा विषयगत वैधता भएको मान्न सकिन्छ । यसरी

प्रतिनिधि नगरपालिकाका प्रश्नपत्रहरूको अध्ययनबाट ध्यान दिएर प्रश्नपत्र निर्माण भएको पाइन्छ । तसर्थ ती प्रश्नपत्रहरूमा विषयगत वैधता उच्च रहेको पाइन्छ ।

### ४.३.६.२ रचनात्मक वैधता

कुनै पनि परीक्षण वा आकलन कार्यबाट प्राप्त नतिजाको आधारमा व्यक्तिको निश्चित गुण वा व्यवहारको व्याख्या गर्न सकिन्छ भने उक्त नतिजामा रचनात्मक वैधता भएको भन्न सकिन्छ । यहाँ रचना भन्नाले अवलोकन गर्न वा मापन गर्न नसकिने व्यक्तिका गुण वा व्यवहारहरूलाई जनाउँछ । जस्तैः बुद्धि, उपलब्धि प्रेरणा, चिन्ता, सहनशीलता, मनोवृत्ति शाब्दिक दखलता, नेतृत्व क्षमता, शत्रुता डिप्रेसन आदि (खनाल र अन्य २०७०: १४३) ।

रचनात्मक भन्नुको तात्पर्य भावनात्मकता हो । गुणहरू भावनात्मक हुन्छन् । यिनीहरूलाई ज्ञानेन्द्रिय मार्फत मात्रात्मक तवरमा जाँच्न सकिदैन । यिनीहरूलाई जाँच्नका लागि निश्चित आधारहरू विकास गर्नुपर्दछ । यस सन्दर्भमा प्रतिनिधि प्रश्नपत्रहरूको अध्ययन गर्दा प्रत्येक जिल्लाका प्रश्नपत्रहरूमा स्तन्त्र रचना अन्तर्गत निबन्ध लेखन प्रश्न सोधिएको छ । यसले रचनात्मक वैधता प्राप्तिमा सहयोग पुऱ्याएको देखिन्छ । अर्कोतर्फ प्रतिनिधि प्रश्नपत्रहरूमा सोधिएका कण्ठस्थीकरणमा आधारित स्तर प्रतिकूल र घुमाउरा प्रश्नहरूले भने रचनात्मक वैधताको गुणलाई आघात पुऱ्याएको देखिन्छ ।

### ४.३.६.३ पूर्वसूचनात्मक वैधता

कुनै परीक्षणबाट प्राप्त नतिजाले निश्चित कुराको भविष्यवाणी गरेको हुन्छ र भविष्यमा उक्त कुरा मेल खान्छ भने त्यस्तो परीक्षणमा पूर्व सूचनात्मक वैधता उच्च हुन्छ । पूर्वसूचनात्मक वैधता प्रश्नहरूमा हुन आवश्यक छ । परीक्षार्थीहरूमा पूर्व सोचाइ अनुसार पछि पनि उपलब्धि हासिल भएमा पूर्वसुचनात्मक वैधता भएको विश्वास गरिन्छ । प्रश्नपत्र परीक्षार्थीको विशेष क्षमता जाँच्नका लागि पाठ्यक्रमको अपेक्षाअनुसार निर्माण गर्दै यसको मापन गर्नु पूर्व नै आधारको मापन गर्नुपर्दछ । यसले पूर्वसूचनात्मक वैधता कायम गर्न सघाउ पुऱ्याउँछ ।

यसै सन्दर्भमा प्रतिनिधि नगरपालिकाका प्रश्नहरूलाई अध्ययन गर्दा ती प्रश्नपत्रमा देखिएका रचनात्मक वैधताको कमजोरीले पूर्वसूचनात्मक वैधतामा समेत नकरात्मक असर

पारेको देखिन्छ । प्रश्नपत्रमा प्रश्नहरू विद्यार्थीले प्रयोग गरेको पाठ्यपुस्तकमा रहेका प्रश्नहरूसँग हुबहु मिल्नाले पनि प्रश्नपत्रको पूर्वसूचनात्मक वैधता हुन सकेको छैन । कुनै विषयलाई बढी समेट्नु र कुनैलाई समेट्न नसक्नु जस्ताकारणले पनि पूर्वसूचनात्मक वैधतामा असर पर्न गएको देखिन्छ । नेपाली किताब कक्षा ८ बाट हुबहु सारिएका प्रश्नहरूले पूर्वसूचनात्मक वैधतालाई कमजोर बनाएका छन् र ती प्रश्नहरू उदाहरणका रूपमा तल तालिकामा प्रस्तुत गरिएको छ :

तालिका नं. १९

पूर्वसूचनात्मक वैधतामा आघात पुऱ्याउने प्रश्नहरूको विवरण

| नगरपालिका | प्रश्नमा सोधिएको प्र.न. | नेपाली किताब कक्षा आठको पाठ्यपुस्तकको पृष्ठ नं. | नेपाली किताब कक्षा आठको पाठ्यपुस्तकको प्र.नं. |
|---|---|---|---|
| पथरीशनिश्चरे | १३ क | ४९ | ४ |
| | १३ ख | ४३ | ६ क |
| | १४ क | ५६ | ६ ग |
| | १४ ख | १०७ | ५ङ |
| | १४ ग | ११२ | ५ क |
| | १६ क | १६० | ४ च |
| | १६ ख | १४० | ४ ङ |
| बेलबारी | १३ क | ३ | ७ |
| | १३ ख | ६४ | ५ ख |
| | १४ ख | २७ | ५ ग |
| | १४ ग | ३ | ५ क |
| | १६ क | १५० | ९ |
| | १६ ख | १४० | ६ |
| सुन्दरहरैँचा | १३ ख | १२४ | ५ |
| | १४ क | ४३ | ५ क |
| | १४ ग | १५० | ६क |
| | १६ ख | १८ | ७ |

स्रोत : पथरीशनिश्चरे, बेलबारी र सुन्दरहरैँचाका सक्कल प्रश्नपत्रहरू

# परिच्छेद : पाँच

# निष्कर्ष तथा सुझाव

## ५.१ निष्कर्ष

प्रश्न विश्लेषणका लागि सङ्कलित प्रतिनिधि प्रश्नहरूको अध्ययन बाह्य र आन्तरिक स्वरूपका आधारमा गरिएको थियो । बाह्य आधारका दृष्टिले अध्ययन गर्न प्रश्नपत्रको स्वरूप निर्देशन अङ्क विभाजन र समय निर्धारण, प्रस्तुति अनुक्रम भाषालाई प्रमुख आधार मानिएको थियो । ती आधारहरूभित्र पनि अन्य उप-आधारहरूको तय गरी प्रश्नपत्रको विश्लेषण गरिएको थियो । त्यस्तै आन्तरिक आधारमा प्रश्नहरूको अध्ययन गर्न पाठ्यक्रमका आधारमा भाषिक सीपगत आधारमा विधाका आधारमा प्रश्नपत्रको वैधताको विश्लेषणलाई मुख्य आधार बनाइएको थियो । ती आन्तरिक आधारहरू भित्र पनि अन्य उप-आधारहरू तय गरिएको थियो । उक्त आधारबाट प्रतिनिधि नगरपालिकाका प्रश्नहरूको अध्ययन गर्दा बाह्य र आन्तरिक दुवै आधारमा प्रश्नहरू कमजोर रहेका पाइयो । तिनीहरूलाई निम्नानुसार चर्चा गरिएको छ :

१. बाह्य आधार दृष्टिले अध्ययन गर्दा निम्नानुसारको स्थिति देखा परेको छ :

**क) प्रश्नपत्रको स्वरूप**

प्रतिनिधि प्रंश्नपत्रहरूमा पथरीशनिश्चरे र बेलबारी नगरपालिकाले आधारभूत तह उत्तीर्ण परीक्षा लेखेकाछन् भने बेलबारी नगरपालिकाले आधारभूत शिक्षा उत्तीर्ण परीक्षा लेखेको छ । एउटै कक्षाको परीक्षाको प्रश्नपत्रको शीर्ष भाग लेखाइमा एकरूपता पाइदैन । प्रश्नपत्रहरू चार पृष्ठसम्मका भए पनित्यसमा पृष्ठ नं. उल्लेख गरिएको छैन । प्रश्न निर्देशन एउटा पृष्ठमा र प्रश्न चाहिँ अर्को पृष्ठमा दिइएको पाइन्छ । प्रश्न निर्देशन चिन्हको एउटा पूर्ण विराम दिइएको छ । यसले विद्यार्थीलाई अन्योल सिर्जना गरेको छ । सबै प्रश्नपत्रहरूले किनारा छोडाइलाई खासै ध्यान दिइएको देखिँदैन । अर्थात चारैतिर २ से.मि. छाड्नु पर्नेमा त्यस्तो छाडेको पाईदैन ।

### ख) निर्देशन

शीर्ष निर्देशन पथरिशनिश्चरे र सुन्दरहरैँचा नगरपालिकाले मात्र दिइएका छन् भने बेलबारी नगरपालिकाले केही शीर्ष निर्देशन दिइएको पाइँदैन त्यसैले प्रश्न निर्देशनमा चुकेको पाइन्छ । विकल्प निर्दोशन चाहिँ सबै नगरपालिकाले दिएका छैनन् । प्रश्न समाप्तिको जानकारी दिन अन्त्यमा तीन ओटै नगरपालिकाले समाप्त भनी उल्लेख गरेका छन् । सबै नगरपालिकाको प्रश्नपत्रमा कक्षा उल्लेख गरिएको छैन । बेलबारी नगरपालिकाको भने शीर्ष भागमा पूर्णाङ्क ७५ उल्लेख भए पनि प्रश्न र अङ्क विभाजनमा अङ्क जोड्दा ७६ देखिएकाले त्रुटि रहेको देखिन्छ । यस्तो त्रुटिले विद्यार्थीमा अन्योलता ल्याउनुका साथै मनोवैज्ञानिक असर गर्ने देखिन्छ ।

### ग) अङ्क विभाजन र समय निर्धारण

सबै प्रतिनिधि नगरपालिकाका प्रश्नपत्रमा पूर्णाङ्क, उत्तीर्णाङ्क  समय विभाजनमा एकरूपता छ । सबैले यसलाई निर्देशित पनि गरेका छन् । सबै प्रतिनिधि नगरपालिकाले विशिष्टीकरण तालिका २०६९ बमोजिम नै अङ्क विभाजन र समय निर्धारण गरेका छन् ।

### घ) प्रस्तुति अनुक्रम

सबै प्रतिनिधि नगरपालिकाले विशिष्टीकरण तालिका २०६९ बमोजिम नै प्रश्नहरूको प्रस्तुति अनुक्रम एकै ढङ्गले गरेका छन् । जसले गर्दा प्रश्नपत्र वैज्ञानिक ढङ्गको छ भन्न सकिन्छ । सरलदेखि जटिलताको अनुक्रममा प्रश्नहरू प्रश्नपत्रमा राखिएका छन् ।

### ङ) भाषा

सबै प्रतिनिधि प्रश्नपत्रमध्ये बेलबारी न.पा.को प्रश्नपत्रमा भाषा सम्बन्धी धेरै त्रुटि भएको छ । वर्णविन्याससम्बन्धी त्रुटि, पदयोग र पदवियोगसम्बन्धी त्रुटि, लोपगत त्रुटिहरू धेरै भएका छन् । यी त्रुटि वा कमजोरीले गर्दा प्रश्नको वैधता र प्रश्नको आन्तरिक स्वरूपमा समेत प्रभाव पारेको अवस्था छ । पथरीशनिश्चरे र सुन्दरहरैँचा

नगरपालिकाका प्रश्नपत्रमा पनि उल्लेख्य त्रुटि भएका छन् । तसर्थ प्रश्नपत्रहरू भाषिक दृष्टिले दोषमुक्त छैनन् ।

**२. आन्तरिक आधारका दृष्टिले प्रश्नपत्रको अध्ययन गर्दा निम्नानुसारको स्थिति देखिएको छः**

**क) पाठ्यक्रमका आधारमा**

पाठ्यक्रमअनुरूपताको दृष्टिले भाषिक सीपगत आधारमा, विधाका आधारमा, पाठ्यपुस्तकका आधारमा र विशिष्टीकरण तालिकाका आधारमा प्रश्नपत्रहरूको अध्ययन गरिएको छ । यिनै आधारहरूबाट प्रश्नपत्रमा गरिएको प्रश्नहरूको वितरण अर्थात् प्रश्नपत्रमा सोधिएका प्रश्नका किसिम, तिनको सापेक्षता, समय र अङ्कभारलाई अध्ययन गर्दा प्रतिनिधि प्रश्नहरूबीच एकरूपता नै कायम भएको छ । प्रश्नपत्रमा प्रश्नहरू पाठ्यक्रको मापदण्ड बमोजिम नै प्रयोग भएका छन् ।

**ख) भाषिक सीपगत आधारमा**

सबै प्रतिनिधि नगरपालिकाका प्रश्नहरूमा भाषिक क्षेत्रबाट सोधिएका प्रश्नसङ्ख्या, प्रश्नका किसिम र तिनको अङ्कभार पाठ्यक्रम अनुरूप नै छन् । विधागत अपेक्षा र भाषिक क्षेत्र अनुरूपकै प्रश्नहरू प्रश्नपत्रमा समावेश गरिएको छ । त्यसैले ती प्रश्नहरूबीच भाषिक सीपगत आधारमा सामञ्जस्य भएको पाइन्छ ।

**ग) विधागत आधारमा**

प्रतिनिधि प्रश्नपत्रहरूमा पाठ्यक्रमले निर्धारण गरेको विधा वा विषयवस्तुको सीमाभित्र बाँधिएरै प्रश्नहरू निर्माण भएका भए पनि कुनै विधाका प्रश्नहरू बढी र कुनै विधाका प्रश्नहरू कम परेका छन् । विधागत सन्तुलन पूर्ण कायम हुन सकेको छैन । विधागत रूपमा प्रश्न छुट्याउँदा कम्तिमा एउटा प्रश्न अनिवार्य गर्नु पर्नेमा यो नभई सबै प्रश्न ऐच्छिक भएको देखिएकाले विधागत उपेक्षा समेत भएको देखिन्छ ।

**घ) पाठ्यपुस्तकका आधारमा**

पाठ्यपुस्तकलाई पाठ्यक्रमको साधनका रूपमा मात्र नलिई साध्यकै रूपमा लिने परम्परालाई प्रतिनिधि नगरपालिकाका प्रश्नपत्रले कायमै राखेका छन् । प्रश्नहरू हुबहु

पाठ्यपुस्तक केन्द्रित भएर सोधिएको छ । पाठ्यपुस्तकबाट हुबहु धेरै प्रश्नहरू साभार गरी राखिएको छ ।

**ङ) विशिष्टीकरण तालिकाका आधारमा**

परिमार्जित विशिष्टीकरण तालिका २०६९ अनुसार नै सबै प्रतिनिधि नगरपालिकाका प्रश्नपत्रहरू तयार भएका छन् । विशिष्टीकरण तालिका अनुसार नै सबै प्रतिनिधि नगरपालिकाका प्रश्नपत्रको पूर्णाङ्क ७५, उत्तीणाङ्क ३०, समय २ घण्टा १५ मिनेट कायम गरिएको छ । विशिष्टीकरण तालिका अनुसार नै सबै नगरपालिकाले जम्मा २३ प्रश्न सोधी १९ प्रश्नको उत्तर दिनुपर्ने व्यवस्था गरेका छन् । यसरी विशिष्टीकरण तालिकासम्मत हुने गरी प्रश्न सङ्ख्या, उत्तर दिनुपर्ने प्रश्नसङ्ख्या, अङ्भार र समयबीच सन्तुलन कायम राख्दै प्रश्नहरू निर्माण भएका छन् । ज्ञान, बोध, व्यावहारिक सीप तथा उच्च दक्षता मापन गर्ने प्रश्नपत्रमा विशिष्टीकरण तालिका अनुसार नै राखिएका छन् ।

**च) प्रश्नपत्रको वैधताको विश्लेषण**

प्रतिनिधि नगरपालिकाका प्रश्नहरू पाठ्यक्रमको अपेक्षा र प्रश्नपत्रमा हुनुपर्ने गुणलाई ख्याल गरी निर्माण गरिएका भए पनि कतिपय प्रश्नहरू घुमाउरा खालका पनि छन् । प्रश्नहरूको विषयगत वैधता उच्च रहे पनि रचनात्मक वैधता र पूर्वसूचनात्मक वैधता कायम हुन सकेको छैन । कतिपय प्रश्नहरू घुमाउरा र पाठ्यपुस्तकबाट हुबहु सभार गरी राखिएकाले त्यस्तो वैधता कायम हुन नसकेको हो । स्वतन्त्र रचना अन्तर्गत निबन्ध लेखन प्रश्न सबै प्रश्नपत्रले राखेकाले आंशिक रचनात्मक वैधतामा भने सहयोग पुगेको देखिन्छ ।

## ५.२ सुझावहरू

क) प्रत्येक नगरपालिकाले प्रश्नपत्र निर्माण गर्दा प्रश्नको शीर्ष भागमा प्रश्नपत्र तयार गर्ने वा उपयोगमा ल्याउने संस्थाको नाम शुद्ध भाषामा लेख्नुपर्दछ ।

ख) प्रश्नपत्रमा विषय, कक्षा, पूर्णाङ्क, उत्तीर्णाङ्क र समय जस्ता कुरा शीर्ष भागमै आकर्षक ढङ्गले लेख्नुपर्दछ ।

ग) प्रश्नपत्रमा शीर्ष निर्देशन समेत दिनुपर्दछ ।

घ) धेरै पृष्ठका प्रश्नपत्र भए पृष्ठ नं. पनि दिनुपर्दछ ।

ङ) सकेसम्म निर्देशन एउटा पानामा र प्रश्न अर्को पानामा पर्ने गरी प्रश्नहरू राख्न हुँदैन ।

च) प्रश्नहरू निर्माण गर्दा आकर्षक कागजको प्रयोग गर्नुपर्दछ ।

छ) प्रश्नपत्रको चारैतिरको किनारा छोडाइमा ध्यान दिनुपर्दछ ।

ज) प्रश्नहरू दोहोरो अर्थ नलाग्ने खालका हुनुपर्दछ ।

झ) प्रश्नहरूले मागेको उत्तरको लम्बाई र गहिराइको अनुमान हुने खालका प्रश्नहरू निर्माण गर्नुपर्दछ ।

ञ) प्रश्नहरू विद्यार्थीहरूको उमेर, अपेक्षा, भाषिक क्षमता, मनोविज्ञान आदि पक्षलाई ख्याल गरेर निर्माण गर्नुपर्दछ ।

ट) सबै भाषिक सीपलाई समेट्ने ढङ्गले प्रश्नपत्र निर्माण गर्नुपर्दछ ।

ठ) प्रश्नहरू विश्वसनीय र वैध हुनुपर्दछ ।

ड) विशिष्टीकरण तालिका बमोजिम नै प्रश्नहरू निर्माण गर्नुपर्दछ ।

ढ) प्रश्नहरू सरलबाट जटिलताको क्रममा राख्नुपर्दछ ।

ण) पाठ्यक्रमको उद्देश्य पूरा गर्ने खालका प्रश्नहरू समावेश हुनुपर्दछ ।

त) प्रश्नहरू सरल, मध्यम र जटिल तीनै प्रकारका हुनुपर्दछ ।

थ) प्रश्नहरू विषयविज्ञ, अनुभवी र दक्ष शिक्षकहरूबाट निर्माण गराउनुपर्दछ ।

## सन्दर्भ सामग्री सूची


अधिकारी, वाशुदेव (२०७४), *आधारभूत तह उत्तीर्ण परीक्षा (२०७३) मा नेपाली विषयका प्रश्नपत्रहरूको अध्ययन,* मोरङ, नेपाली शिक्षण विभाग, सुकुना बहुमुखी क्याम्पस ।

आचार्य, दिलीपकुमार (२०५९), *२०५८ सालमा उपयोग गरिएका कक्षा आठको नेपाली भाषाका प्रश्नहरूको विश्लेषण,* काठमाडौँ : नेपाली भाषा शिक्षा विभाग त्रि.वि.।

खनाल, पुण्यराज (२०६९), *प्रवेशिका परीक्षा २०६७ का पाँच विकास क्षेत्रका अनिवार्य नेपाली विषयका प्रश्नहरूको तुलनात्मक अध्ययन,* मोरङ : नेपाली शिक्षण विभाग, सुकुना बहुमुखी क्याम्पस ।

गौतम, रेनुका (२०६६), *कक्षा आठको जिल्ला स्तरीय परीक्षा २०६४ मा उपयोग गरिएका प्रश्नपत्रहरूको अध्ययन,* काठमाडौँ : नेपाली भाषा शिक्षा विभाग त्रि.वि. ।

ज.ब.रा., स्वयंप्रकाश र अन्य (२०६७), *शिक्षामा मापन तथा मूल्याङ्कन,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

थापा, सावित्री (२०६८), *सिन्धुपाल्चोक जिल्लाको मा. वि. तह कक्षा ९ र १० को नेपाली शिक्षणमा शैक्षिक सामग्री उपयोगको स्थिति,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि, कीर्तिपुर ।

दाहाल, सुशीला (२०६९), *कक्षा ८ को जिल्ला स्तरीय परीक्षा २०६७ मा उपयोग गरिएका प्रश्नपत्रहरूको अध्ययन* , मोरङ, नेपाली शिक्षण विभाग, सुकुना बहुमुखी क्याम्पस ।

पराजुली, तीर्थराज र अन्य (२०६८), *शैक्षिक मापन तथा मूल्याङ्कन,* काठमाडौँ : सनलाइट प्रकाशन ।

पोखेल, भागवत (२०६५), *प्रवेशिका परीक्षा २०६४ का अनिवार्य नेपाली विषयका प्रश्नपत्रहरूको तुलनात्मक अध्ययन,* काडमाडौँ : नेपाली भाषा शिक्षा विभाग त्रि.वि. ।

बराल, गुरूप्रसाद (२०६६), *प्रवेशिका परीक्षा २०६५ मा पाँच विकास क्षेत्रमा सोधिएका नेपाली विषयका प्रश्नपत्रहरूको तुलनात्मक अध्ययन,* काडमाडौं : नेपाली भाषा शिक्षा विभाग त्रि.वि. ।

बस्नेत, कमलबहादुर (२०६२), *जिल्ला स्तरीय परीक्षामा उपयोग गरिएका कक्षा ८ को भाषाका प्रश्नहरूको विश्लेषण* , काडमाडौं : नेपाली भाषा शिक्षा विभाग त्रि.वि.।

भण्डारी, पारसमणि र अन्य (२०६८), *नेपाली भाषा शिक्षण,* काठमाडौं : पिनाकल पब्लिकेसन प्रा.लि. ।

शर्मा र अन्य (२०६२), *पाठ्यक्रम र मूल्याङ्कन,* काठमाडौं : एम.के. पब्लिकेसर्स एन्ड डिस्ट्रिब्युटर्स ।

सुवार, चन्द्रकला *(२०६७), प्रवेशिका परीक्षा २०६६ सालका पाँच विकास क्षेत्रका अनिवार्य नेपाली विषयका प्रश्नहरूको तुलनात्मक अध्ययन,* सुनसरी : नेपाली भाषा शिक्षा विभाग, जनता बहुमुखी क्याम्पस ।